दायित्व

(मासिक)

वर्ष ५ || २०४८ पौष || पूर्णाङ्क १६

सल्लाहकार
डा० मथुरा के. सी.
डा० भोला रिजाल

कार्यकारी सम्पादक
राम प्रसाद पन्त
४१३७३१

रचना सम्पादक
तारा कार्की
४७११४७

व्यवस्थापक
लक्ष्मी पन्त

विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
नील कुमारी गिरी (पूर्व)
विष्णु प्र. भण्डारी (पश्चिम)

अन्य सहयोगी
गिरिराज पन्थ
पद्म प्र. निरौला
सुशील चन्द श्रेष्ठ
मुकुन्द शर्मा

प्रकाशन/कार्यालय
दायित्व परिवार
डिल्लीबजार
पत्राचार
पो. ब. नं. ४६७०
काठमाडौं

भेटवार्ता

देश विकास गर्न विदेशी भाषा ....१ — टुकराज मिश्र

लेख/समालोचना

कवि तुफानको 'सिपाही.....' ७ — डा० तुलसी प्र. भट्टराई
यसमा पनि साश्वतता छ..... ९ — राजेन्द्र सुवेदी
आँशु र नारी दुर्वलता १५ — तुलसी गिरी भावुक,

कथा/अनुवाद कथा

श्रीमतीको चाहना १३ — ज्ञानेन्द्र गदाल
घरमा आउनुस् अरे १९ — प्रतीक ढकाल
परिणति २५ — रामप्रसाद पन्त
तर्कको सट्टा लठ्ठी ४२ — कुन्दन कुमार पन्त

स्वास्थ/संस्कृति

विपन्नताको भुँवरीमा ..... ३१ — डा० मथुरा के सी.
एड्स केही जानकारी ३८ — तारा कार्की

कृति/समीक्षा

'यस्तो एउटा आकाश,लाई..... ३५ — सानुराजा श्रेष्ठ 'अन्जान'

कविता/गीत/गजल/मुक्तक

दुबसु क्षेत्री ५/ श्याम रिमाल १२/ दामोदर पुडासैनी 'किशोर' १७/ उज्वल जि. सी १८/ उदय क्षितिज १८/ *भिम विराग अधिकारी १८/* हाङ ओजा जवेगु २३/ पद्मा अर्याल २४/ खिमानन्द पोखरेल २४/ राम हरि बन्जारा २८/ मिकिरो खालाकी २९/ नरेन वियोगी ३०/ मुकुन्द पथिक ३०/ राजेश्वर रेग्मी ३०/ रमेश खड्का ३४/ गोविन्द भण्डारी ३७/ केदार प्रसाद सुवेदी ३७/ रत्न थापा 'चिन्तक' ३७/ अभिनव कार्की ४१/ श्यामदास वैष्णव ४१/ मुरारी पराजुली ४३/

मूल्यः-
संस्थागत प्रयोजनका लागि रू. १०/-
सर्वसाधारणका लागि रू. ५/-

सम्पादकीय

☐ यथार्थमा भन्ने हो भनें दायित्व कछुवा गतिमा हिंडिरहेकोछ, अर्को यथार्थ यो पनि हो कि यसको चाल खरायोको जस्तै छैन, जो एकैचोटी फाल हालेर मस्तसंग निदाओस् । हिजोआज देखापर्ने अधिकांश पत्रिकाहरू प्रायः यसै दर्जामा पर्छन् । यसरी म्याराथुन दौड गरेर कुम्भकर्ण निद्रामापर्नु भन्दा बरु स्वाभाविक गतिमा ढिलै भएपनि गन्तव्यतिर लाग्नु बढी फलदायी होला कि ?

☐ मानिसका विभिन्न धारणा र स्वभाव हुन्छन् । दायित्व माथि नजर दौडाएपछि कसैले स्वाभाविक प्रतिक्रिया जनाई दिन्छन्– जुन हामीलाई पनि खड्केको हुन्छ । कसैले केही सुझाव र सल्लाह दिन्छन्– जुन कुरामा हाम्रो दृष्टि र सोचाई पुगिसकेको हुँदैन । कोही भने आफ्नो दायित्वलाई नसम्झेर सीमा नाघेर बोली दिन्छन् । जसबाट हाम्रो मनमा आघात पैदा गरिदिन्छ, कताकता रोस पनि पैदा हुन थाल्छ र हाम्रो उत्साह र जोंगर पनि सेलाएर लक्षित मार्ग अवरुद्ध भै हाम्रो अगाडि निरुत्साहको बादल मडारिन थाल्छ ।

☐ आफ्नो अस्तित्वलाई निकैतल खसालेर कसैले यो पनि कहीं पत्रिका हो भनी गैरजिम्मेवार प्रश्न गरे, यसैगरी कसैले यो विज्ञापन बटुल्ने पत्रिका हो भनी दिए । यी भनाईहरूले नजानिदो रूपमा चोट अवश्य पुग्दो रहेछ तर यसले चिरस्थायी प्रभाव पार्दैन बरु केही गरेर देखाउने प्रेरणा मिल्छ । यी त भए बौद्धिकवर्गबाट भएका कुरा, दायित्वले अर्को यस्तो वर्गसंग पनि सङ्घर्ष गर्दै आएको छ– जसले भन्ने गर्छ–हामीलाई लेखेर खानु परेको छैन । यस्ता वर्गप्रति दायित्वले रिस र द्वेष होइन समझदारी र सहानुभूति देखाउने गरेको छ र प्रयत्नरत छ– विचरा ती अन्धकूपमा परेकालाई निकालेर उज्यालो बाटो देखाउने ।

☐ यहाँ हामी बौद्धिकवर्ग कै कुरा गर्दा– नवोदित प्रतिभालाई समावेश गराउँदैमा पत्रिका, पत्रिका नरहने भए हामी त्यसको समर्थन गर्दैनौं । किनकि हाम्रो दृष्टिमा अमुक देखि अमुक सम्मका सबै कविहरू तर स्तरीयतको खयाल अवश्य गर्नुपर्छ । हामी यसमा गर्व गर्छौं कि दायित्वको प्रथम-द्वितीय अङ्कमा स्थान पाएका केही कविहरू अहिले स्थापित भैसकेका छन् । प्रश्न कर्ताको आँखा विज्ञापनमा गएको हो भने हामीले १०–१२ पेजसम्म लगातार विज्ञापन राख्ने पत्रिका पनि देखेका छौं । के तिनीलाई पत्रिका नमान्ने ? जब कि दायित्वको पहिलो अङ्कलाई छाडेर ३–४ पेज लगातार विज्ञापन राखेको तपाईंले देख्न पाउनु हुने छैन । सज्जन वृन्दले बुझिदिनु पर्यो हाम्रो उद्देश्य पैसा कमाउने होइन पत्रिका चलाउने हो र दुई चार पैसा बच्यो भने हामी लेखक कविहरूलाई दिन्छौं । तर त्यो सधैं र सबैलाई भने ... !

☐ हामीले ठानेका छौं– मानिस सबै एकै हुन् र हुनुपर्छ । जातले मात्र मानिस ठूलो हुँदैन । तर दुर्भाग्य ! समाजले निर्धारण गरेको कुनै एक वर्गको एक परिवारबाट दायित्वले विभिन्न कठिनाई र अप्ठ्यारा स्थितिको सामना गर्न परिरहेछ । मान्छे नीच र पतित भैसकेपछि कतिसम्म कुत्सित र घृणित कामगर्न सक्दो रहेछ भन्ने हामीलाई अनुभव भैरहेछ । जसको असर दायित्वलाई भन्दा दायित्वमा स्थान पाउने नव प्रतिभाहरूलाई परिरहेको छ । त्यसैले लेखक साहित्यकारहरूसग हाम्रो अनुरोध छ– अब तपाईंहरूले दायित्वको कार्यालयमा लेख, रचनाहरू नराठाएर पोष्ट बक्स नं. ४६७० मा पठाउने कष्ट गर्नु होला ।

☐ अन्तमा श्री ५ महाराजाधिराज सरकारको ४७ औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफका गाथमा सुख, समृद्धि तथा चिरायुको मङ्गलमय शुभकामना । ✶

देश विकास गर्न विदेशीभाषा सिक्नु पर्दैन

—टुकराज मिश्र

केही समय अगाडी टुकराज पद्मराज मिश्रको नामबाट चिनिने दिल्ली कृष्ण मिश्रका छोरा साहित्यकार टुकराज मिश्रलाई भेट्ने मनसाय राखेर फोनबाट जिज्ञासा प्रकटगर्दा उहाँले 'न त कवि गनिएको न त हुँ भव्यकार' भनी विनयशिलताको परिचय दिनु भएको थियो। उमेरका ८२ बसन्त पचाई सक्नु भएका वृद्ध श्री मिश्रसंग हाम्रो प्रथम परिचय भएकोले एक पटक भेट्न जरुरी पनि थियो र गर्यौं। कुमारी चोकमा कारिन्दाको रुपमा प्रवेश गर्नु भएका श्री मिश्र राजपत्राङ्कित तृतीय श्रेणीको पदबाट अवकाश लिएर हाल धोबीधाराको योटा साधारण घरलाई आफ्नो निवासबनाई वृद्ध जीवन बिताइ रहनु भएको छ। वैद्य परम्परामा हुर्केर हो कि किन हो उहाँ एकदमै स्वस्थ्य हुनु हुन्छ र उमेरमा पनि त्यति धेरै लाग्नु हुन्न। उहाँ भन्नु हुन्छ धेरै पुस्ता अघि देखि हाम्रा पुर्खाहरू वैद्य काम गर्दै आएका हुन् खाली मैले मात्र त्यो पेशा छाडी दिएँ। वैद्य काम गर्ने भएकोले नै हामी पाण्डेबाट मिश्र हुन पुग्यौं। उहाँको भनाइमा पूर्वाञ्चलीय ब्राह्मण जस्तै हामी पनि कुर्माञ्चलीय ब्राह्मण हौं र गुल्मी वा पाल्पाको मुसिकोट र लमजुङ तनहुँ हुँदै हामी काठमाण्डौ आइपुग्यौं।

साधारण शिक्षा हासिल गर्नु भएका श्रीमिश्रले केही मात्रामा संस्कृतको अध्ययन गर्नु भएको छ र वहाँले संस्कृत साहित्य र नेपाली भाषाको प्रसंशा गर्दै अंग्रेजी भाषा तथा अन्य विदेशी भाषालाई बाहिरी दृष्टिले हेर्नु हुन्छ। यति सम्म कि अंग्रेजीका विद्वान महाकवि देवकोटाको पनि बाहिरी भाषाको संलग्नता भएबाट आलोचना गर्न पछि पर्नु भएन।

करीब २ घण्टा सम्मको भेटघाटमा उहाँ संग साहित्यिक भन्दा बाह्य कुराहरू बढी भए किनकि योटा प्रश्न गर्दा उहाँले त्यसको ऐतिहासिकता केलाउन थाल्नु हुन्थ्यो र प्रसंग बाहिरको संसारमा हामी अलमलिन थाल्यौं। अन्त्यमा वहाँले प्रश्न गर्नु हुन्थ्यो यो सबै कुरा कहाँबाट उठ्यो ? हामी अबाक हुन्थ्यौं र जड खोज्ने तिर दिमाग लगाउँथ्यौं यो। वहाँको दोष होइन बरु लेखन प्रवृत्ति (ऐतिहासिक उपन्यासहरू) र वृद्धावस्थाको परिणाम हो। जे होस् हामीले वहाँबाट जे जति सुन्न पायौं तो सबै मननयोग्य र संग्रहनलायक छन्, सुनौं हाम्रा केही जिज्ञासा र मिश्रज्यूका केही मन्तव्यहरूको सार संक्षेप—

प्रश्न- यहाँले साहित्यिक प्रेरणा कहाँबाट पाउनु भयो ?

☐ मेरो साहित्यिक प्रेरणाको श्रोत धरू केही होइन, मेरी साहिली काकी आमाद्वारा मेरो लागि ल्याइ-एका विभिन्न धार्मिक एवं ऐतिहासिक किताबहरू नै हुन् । साच्चो भनूँ भने वाचस्पति पन्त (शंकर देव पन्तका बाजे) जो मेरी आमाका मातामह पर्नु हुन्थ्यो । उहाँ एक विद्वान् हुनु हुन्थ्यो र उहाँ कै पौत्र शकर देव पन्त पनि एक शिक्षित व्यक्तित्व हुनु हुन्थ्यो र बाचस्पतिकी नातिनीहरू मेरी आमा बाहेक अन्य दिदी-बहिनीका सन्तानहरू भिमनिधी तिवारी तथा हेडम्बराजमा पनि त्यो साहित्यिक गुण प्राप्त भयो । यसरी तीन बहिनीका सन्तानहरूमा यो साहित्यिक गुण देखिनुले मलाई लाग्छ- यो पैत्रिक देन नभएर मातृकुल तिरकै प्रभाव हो कि जस्तो लाग्छ । यसो नभएको भए हाम्रो कुलमा धरू पनि कवि लेखक हुने थिए होलान् तर त्यस्तो भएको देखिंदैन ।

प्रश्न- साहित्यिक जगतले यहाँलाई टुकराज पद्मराज मिश्रको नामले चिन्दछ, यो संयुक्त नाम हुनुको पछाडि के कारण छ ?

☐ यो धेरै लामो कथा छ- वस्तुतः यसको विस्तारतिर जाँदा तपाईहरूलाई झर्को लाग्ला, संक्षेपमा म के भन्न चाहन्छु भने शुरूशुरूमा जति पनि लेखहरू निस्के तिनीहरूमा पद्मराज र मेरो संयुक्त नाम छ, तो पद्मराज मेरा भाइ हुन् । त्यति बेला जति पनि हामी लेख्थ्यौं संयुक्त रुपमा लेख्थ्यौं । लेखन मात्र नभएर हामी दुवै भाइको शिर देखि पाउ सम्मको लवाई खवाई र हिंडाइ समेत एकै प्रकारको थियो ।

संयुक्त रुपमा लेख्दा तपाईहरूलाई अप्ठ्यारो पर्दैन थियो ?... (बिचमा प्रश्न)

साहित्य रचनागर्दा केही पक्ष भाइको हुन्थ्यो केही मेरो तर प्रकाशन गर्दा संयुक्त रुपमा प्रकाशन गर्थ्यौं । संयुक्त प्रयासमा निस्केको "रामकृष्ण कुँवर राणा" (ऐतिहासिक उपन्यास) को पद्य अंश भाइको र गद्य अंश मेरो हो । त्यस्तै 'नेपाल आमाको क्रन्दन' (खण्डकाव्य) भाइले मात्र लेखेको हो र 'बुद्ध परिवारको क्रन्दन' (खण्डकाव्य) मैले मात्र लेखेको हो । जुन काव्य-हरूको प्रकाशन संयुक्त रुपमा भएको छ । यस बाट स्पष्ट हुन्छ कि हाम्रो व्यक्तिगत रुपमा कति घनिष्ट सम्बन्ध थियो ।

प्रश्न- यहाँको निकटतम सम्पर्कमा आएका व्यक्तिहरू एवं समकालिन साहित्यकारहरू को को हुन् ? जसमध्ये यहाँलाई सबभन्दा बढि को मनपर्छ ?

☐ निकटतम सम्पर्कमा आएका व्यक्तित्वहरूमा बाल-कृष्ण समसेर, शारदा समसेर, बुद्धि प्रकाश पाण्डे, पुरुषोत्तम राज जोशी, लीलाध्वज थापा आदि पर्दछन, समकालिन साहित्यकारहरूमा बालकृष्ण सम, नय राज पन्त, लक्ष्मी प्रसाद देवकोटा, र लीलाध्वज थापा आदि हुन । सब भन्दा मन पर्ने साहित्यकारको कुरा उठ्दा मलाई बालकृष्ण समको याद आयो- एकदिनको भेटमा उहाँले भन्नु भयो- तिमी के गर्दछौ ? मैले भने-केही लेख्दैछु । अनि भन्नु भयो- त्यसो भए मेरो घरमा आउन हेरौंला केही कुरा गरौंला । यस प्रकार संग मेरो आवत जावत बढ्दै गयो । यो क्रम लगातार पाँच वर्ष

सम्म चल्यो । फलस्वरुप धेरै कुरा जान्न बुझ्न पाइयो ऐतिहासिक लेखनमा मलाई ठूलो मद्दत मिल्यो । अब त बुझि हाल्नु भए होला मेरो सब भन्दा मन पर्ने साहित्यकार ।

नेपाली साहित्यका मूर्धन्य देवकोटा संगको सम्पर्क कस्तो थियो नि ? (बीचै मा प्रश्न).....

उहाँसंगको सम्पर्क पनि राम्रै थियो, तर उहाँ हुनुहुन्थ्यो अंग्रेजीमा विद्वान । म भएँ नगण्य शिक्षा हासिल गरेको मान्छे । घरमा आवत-जावत नभए पनि भेट भएको बेलामा बोली चाली हुन्थ्यो । खासगरेर म त्यति निकट थिईन किनकि उहाँ एक प्रकारले अति व्यस्त मान्छे चाहे सामजिक वा साहित्यिक कामको लागि होस या घरायसी समस्याको लागि होस । फेरि देवकोटा एकप्रकारले अन्य मनस्थितिको देखिनुहुन्थ्यो । त्यसै भएर पनि मेरो उहाँ संग सम्पर्क कम थियो ।

प्रश्न-- यहाँले फाटफुट रचनाहरु नलेखेर हो कि लेखन छाडेर हो पत्र-पत्रिकाहरुमा देख्न पाइदैन, पहिले पहिले ग्रन्थहरुको रचना बाहेक त्यस्ता कुनै साहित्यिक क्रिया कलापमा संलग्न हुनु हुन्थ्यो कि ?

☐ अवश्य ! त्यसरी मैले फाटफुट लेख्ने गरिन र अहिले पनि लेखेको छैन । साहित्यिक क्रियाकलाप को कुरा उठ्दा मलाई एउटा कुराको याद आउँछ- यहाँ तुलसीदासको जन्म जयन्ती एक पटक मनाइएको थियो । जबकि उनीको नेपाली भाषामा कुनै योगदान थिएन । उनी अवधि भाषाका विशेषज्ञ थिए । तैपनि साहित्यिक व्यक्तिको नाताले ठिकै छ । तर यहाँ भानुभक्तको जन्म जयन्ती मनाईदैनथ्यो । मलाई लाग्यो- नेपाली साहित्यका आदिकविको जन्म जयन्ती किन नमनाउने ? हिन्दी शिक्षण समितिको संयोजकत्वमा मेरै प्रयासबाट खडग मान सिंहको निवासमा जन्म जयन्ती मनाउने निर्णय भयो र निम्ता कार्ड बाँडियो । नेपालमा सर्वप्रथम बि. सं. २००९ सालमा भानुभक्तको जन्म जयन्ती मनाइयो । यस बाहेक प्रतिमहिना साहित्यिक संमेलन गर्ने भनेर प्रा. शिवगोपाल रिसाल, निश्चराज पाण्डे र म मै एक समिति बनायौं । यो क्रम ३ पटक सम्म चल्यो । पुरस्कार पनि बाँडियो । त्यसपछि त्यसै सेलाएर गयो । राणा कालीन समयमा कुनै ठूलो सामाजिक काम गर्ने पनि अपराध ठहरिन्थ्यो, त्यस्तो समयमा साहित्यिक गतिविधि चलाउनु र साहित्य रचना गर्नु भनेको ठूलो कुरा थियो । अझ ऐतिहासिक उपन्यास लेख्न भनेको त फलामका चिउरा चपाउनु जस्तै थियो । त्यस्तो बेलामा मैले रजबन्धकी (१९९६) लेखें ।

प्रश्न- साहित्य सेवा गरे बापत यहाँले कुनै साहित्यिक सम्मान वा पुरस्कार पाउनु भयो कि ?

☐ (हाँस्दै) मैले जति साहित्य रचना गरें त्यसैमा सन्तुष्ट छु । नेपाली भाषाको लागि के नै सहयोग पुऱ्याउन सकेको छु र ? तर सम्मानको कुरा उठाउनु यो यसमा संक्षेपमा म के भन्छु भने- "मैले पुरस्कारको बदला तिरस्कार मात्र पाएको छु" अरु केही भएको छैन ।

प्रश्न- काव्य र उपन्यास बाहेक यहाँले अरु विधामा पनि कलम चलाउनु भएको छ कि ?

☐ मेरो मुख्य विधा ऐतिहासिक हो, यसैमा हात चलेको छ । हालसालै प्रज्ञा प्रतिष्ठानबाट एउटा

'रिडी र रोंची' (उपन्यास) प्रकाशित भएको छ । अन्यविधामा एउटा निबन्ध लेखेको थिएं त्यो 'नेपाली गद्य संग्रह भाग २' मा छापिएको छ त्यो हो- 'भयानक समस्या' । अन्य विधामा हात चलाएको सम्बन्धमा उच्च शिक्षाको श्रेस्तामा केही लेखेको छु ।

प्रश्न- पहिलेको साहित्य र वर्तमान साहित्यमा धेरै परिवर्तन आएको छ, यसलाई तपाईले कुनरुपमा हेर्नु भएको छ ?

☐ पहिलेको साहित्य सीमाबद्ध हुन्थ्यो, अनुशासित हुन्थ्यो, जनताको मुटुलाई छुने हुन्थ्यो र पढ्नमा रोचकता आउंथ्यो । बार्णिक छन्दमा कविताहरू लेखिन्थें र लेखन शैली स्तरीय एवं गहन थियो । तर आजको साहित्य खाली पर्चाबाजीमा मात्र सीमित छ । राष्ट्रियता र राष्ट्रिय भाषा क्षीण हुंदै गैराखेको छ । भन्ने गरिन्छ- वैज्ञानिक बन्न अंग्रेजी पढ्नु पर्छ । के चीन, जापान, रुस जस्ता देशमा वैज्ञानिक बन्नका लागि अंग्रेजी पढ्ने गरिएको छ ?

प्रश्न- भनिन्छ, विद्याले विनयशीलता दिन्छ तर सबैमा त्यो गुण देख्न पाइंदैन । एकजना यस्ता विद्वानको संसर्गमा पनि हामी पर्‍यौं जसको भेटवार्ता लिन जांदा उल्टै कटु वचन द्वारा अपमानित भएर फर्कनु पर्‍यो । यसमा यहांको के भनाई छ ?

☐ यदि त्यसो भएको हो भने-त्यो नेपाली साहित्यको लागि दुर्भाग्य मान्नु पर्छ ।

प्रश्न- यहांको अन्तिम इच्छा के छ ?

☐ व्यक्तिगत इच्छाको कुरा गर्नु भएको हो भने- हाम्रो शास्त्रले इच्छा शून्य हुनु नै मोक्ष प्राप्ति हुनु हो भन्दछ । देश वा राष्ट्रको बारेमा कुरा गर्नु भएको हो भने- जनतामा आफ्नो राष्ट्र प्रतिको प्रेम र राष्ट्रभाषाको प्रेम जगाउन सक्नु पर्छ ।

"त्यागेन लाभ" अर्थात् त्यागी नभैकन राष्ट्र बन्दैन, राष्ट्र नबनीकन केही पनि प्राप्त गर्न सकिंदैन ।

प्रस्तुति: ठाकुर शर्मा
रामप्रसाद पन्त

शुभकामना

श्री ५ महाराजाधिराज सरकारको

४७ औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसुफ सरकारको

सुस्वास्थ्य एवं दीघायुको मंगलमय

शुभकामना व्यक्त गर्दछौं ।

जनकपुर चुरोट कारखाना लिमिटेड परिवार

बहिनी ईश्मिराका नाममा एउटा पत्र

–दुबसु क्षेत्री

पहाडबाट एक हूल बँसहरू
मर्स्याङ्गदी सलल...गाउँदै ओरालो लागेका छन्
लाहुरका सपनाहरू सम्पत्तिका सपनाहरू
र सपनाहरूका सपनाहरू बोकेर
एकोहोरो र निरन्तर बगिरहने मर्स्याङ्गदी जस्तै
तिनीहरू बगेका छन्
युगयुगदेखि रगत, पसिना र जवानी बगेको छ
नागबेली परेको मर्स्याङ्गदीको गहमा पनि बह छ
ठोकिँदै दरौंदीसँग मिस्सिँदै
खेरेनीको सानो तर चिटिक्क गाउँको लालुपाते
मायालाई देखेर पनि मर्स्याङ्गदीले मुस्मुस्याउन पाउँदैन
माया गर्न भ्याउँदैन
उकालो चढ्नेहरू चढिरहेछन्
मनका इच्छाहरू बोकेर मनकामनाको उकालो
ओरालो झर्नेहरू झरिरहेछन्
अक्षतामरी आशाहरू बोकेर मनकामनाको ओरालो
बीचमा एक्काइसौं शताब्दीको तेस्रो विश्व झैं
हल्लिरहेको एउटा झोलुंगे पुलछ
मर्स्याङ्गदी तर्न मान्छेहरू
त्यही झोलुंगे पुल तर्छन्
मान्छेहरू मात्र आफ्नै भुल तर्छन्

अलिकति टिपेर हृदयबाट
कोही छर्न सक्दैन विश्वासका थुंगाहरू
मानिसहरू मात्र फूल छर्छन्
तिमीलाई थाहा छ बहिनी
हाम्रो भेट मर्स्याङ्गदीकै छेउमा
संयोग एउटा अनौठो संयोगका रुपमा भएको थियो
तिमीलाई देखिन्जेल, भेटिन्जेल र कुरा गरिन्जेल त
मलाई खास केही लागेको थिइन
जब तिमीबाट टाढा
काठमाडौंको ओझेलमा जब म एक्लै छु
मलाई मर्स्याङ्गदीको र तिम्रो संगसंगै याद आउँछ
मलाई मर्स्याङ्गदीको र तिम्रो संगसंगै माया लाग्छ
नागबेली परेर बगेको मर्स्याङ्गदी र
नागबेली परेका तिम्रा केशहरू
छङ्छङाउँदै बेगवान् बगेको मर्स्याङ्गदी र
मृदु कोमल कोकिल तिम्रो स्वर
मलाई उस्तै उस्तै लाग्छ
पहाडबाट सफा सेतो र निर्मल पानी
बगेको मर्स्याङ्गदी र
चोखो कलकलाउँदो र निष्कपट तिम्रो
जवानी मलाई उस्तै लाग्छ

एकान्तमा एक्लै बसेका बखत
मर्स्याङ्गदी र तिमी, तिमी र मर्स्याङ्गदी
एकाकार हुन्छौ कति कति बेला
जब म असंग हुन्छु
तन्द्रा चुडिन्छ
आकृति भताभुंग हुन्छ
म चाहन्छु
अब तिम्रा र मर्स्याङ्गदी दुवैका सपनाहरू
यसरी भताभुंग भई रहनु हुन्न
मर्स्याङ्गदी सलल...गाउँदै
अब हरेक हिउँदमा जवानीहरू
मुगलान झरी रहनु हुन्न
हामीसंगै पनि सपना रोप्ने
बिपनाका बारीहरू छन्
हामीसंगै आशा उमार्ने
आस्थाका टारीहरू छन्
तिमीले, मैले र राष्ट्रका हर एक अणु र अणिमाहरूले
सोच्नु परेको छ
अब यसरी मर्स्याङ्गदी संगै
हाम्रा बंसका पाखाहरू बग्नु हुन्न
हाम्रा जवानीका माखाहरू बग्नु हुन्न
पर्खं बहिनी म आउँदैछु
सगरमाथा जस्तै अटल, शुभ्र र उच्च
आकांक्षा लिएर म आउँदैछु
मर्स्याङ्गदीको छेवैमा उभिएर
तिमी उसलाई सम्झाइ राख कि
उसले हाम्रा आस्थाका पहाडहरू बगाउनु हुन्न
हाम्रा बंसका बहारहरू बगाउनु हुन्न
निरन्तर निष्ठुर र निर्मोही जस्तो
मर्स्याङ्गदीले यसरी बगीरहन हुन्न
गति यसरी ओरालै मात्र झर्नु हुँदैन
जीवन यसरी भिरालै मात्र बाँच्नु हुँदैन ।

झापा, हाल काठमाडौं

*

On the Auspicious Occasion of the Birthday of
His Majesty the King
We offer our Warm Felicitation and Pray for
His Majesty's Long and Happy Life.

FEWA TOURS & TRAVELS (P) LTD

BASANTAPUR KATHMANDU NEPAL
PO BOX 5323 TELEX 2559 FEWA NP
FAX 977-1 222976 CABLE FEWATAL
TEL 216227, 116948

– अनाचार र अत्याचारलाई चुपचाप शिर झुकाएर त्यसैले सहन्छ, जसमा नैतिकता र चरित्रको अभाव अज्ञात हुन्छ ।

कवि तूफानको 'सिपाहीको चिट्ठीबाट' केही शब्द

डा. तुलसी भट्टराई

"जीन्दगी घाइते बिरामी/आफ्ना अनिको घाउ पालेर/ अस्पतालका शैया कक्षबाट/घिसिंदै लडिंदै अनायास समयसँगसँगै कोल्टे फेर्छन् ।–

डिच्च पाइरिया लागेका दाँत झैं /
उही बेरोजगारी रुप देखाउँदै
खामबाट निस्किएका छन्
यसपालीको नयाँवर्ष/यो नयाँ वर्ष ।" नयाँ वर्ष-प्रति यस्तो अभिव्यक्ति दिने कवि रमेश तुफान जम्मा ३५ वटा विभिन्न कविताहरूको संगालो– सिपाहीको चिट्ठीबाट का माध्यमले नेपाली कविता यात्रामा लागेका छन् ।

–"यसरी युद्धको विषले उसलाई डसेछ भने कतै अर्को सिपाही जन्मने छैन / मायालु /शान्तिको गीत गाउन अघ्ठारो पर्नेछ ।"

–सिपाहीको चिट्ठीबाट– कवि तूफान सान्त्वना दिन्छन् ।

नत्र भने हामो लागि/मृत्युको केही अर्थ रहँदैन/
मूल्यको केही अर्थ रहँदैन/
जिन्दगी असमान फ्याँकिए झैं/रद्दीको टोकरीमा/
...गिद्ध ओठको समवेदना .. /

समसामयिकता/असमान परिस्थिति प्रति कविको व्यंग्य छ ।– गिद्ध ओठको समवेदना– कवि तूफान साँच्चै तूफान भएका छन् ।

"युद्ध अनि हिंसाबाट नअघाएका मान्छेहरू
ईर्ष्या र घमण्ड जगाएर आफूमा/
जब कूरता पहिरिन थाल्छन्/तब मान्छे स्वयंले/
आफ्नै घरमा पालेका परेवालाई
निसंकोच तारो हान्न थाल्छन् ।" कवि तूफान आजको यस विभीषिका पूर्ण कोलाहलमय वातावरणबाट बाक्क भएका देखिन्छन् । विश्वशान्ति, विश्वमानवता निरस्त्रीकरण-सन्धि, मानवाधिकार संरक्षण-संगठन जस्ता नारा दिनेहरू स्वयंले नै एक अर्का राष्ट्रलाई उकासेर एक अर्कामाथि आक्रमण गराएको देखेर नै यसो भन्न पुग्छन् । ..हो पनि/भनिन्छ असली जुवाडे– आफ्नो श्री सम्पत्ति सकेपछि पनि खाली कौडा खालमा पछाडि "मारा" मारा, पंजा, चौका–" भन्ने गर्छ । एक्लै आफैंमा सन्तुष्टि लिने गर्छ रे ..। आज युद्धपिपासु-हरू पनि ठिक यस्तै भएका छन् । कहीं न कहीं आफ्नो असली रुप देखाएरै छोड्छन् । आफ्नो लागेको बानी कतै न कतै प्रयोग गर्नै गर्छन् । ...मान्छे आज यसरी मानवीय प्रवृत्ति छोड्दैछ । पाशविक स्वरुप आफूमा

उतार्दछ । कवि तूफान यस्तो तुच्छ- घृणित माथि तीव्र प्रहार गर्छन् ।

"म शान्तिको अर्थ बेचेर/अर्थहीन निराधार दर्शनशास्त्री बकिरहेछु/आफ्नो दर्शन भित्र शुरुको कविता आफै हराएर ।"

'प्रश्न चिह्न मान्छे हुनुको अर्थमा' कविताका यी पंक्तिहरू ।

"नग्न श्रीमतीको आङ छोप्ने एउटा स्यानो आशा/दिऊँ ।"

– खै के दिऊँ यो जिन्दगीलाई/– कविता समसामयिक यथार्थको प्रतिनिधि कविता हो । प्रत्येक व्यक्ति यसरी नै पिरोलिएको छ । विवशताले घेरिएको छ ।

"सके यी/मेरा देशका छापाखानाका त्रुटि हुन् ।

अथवा

प्रूफ हेर्ने मान्छेकै कमजोरी हुन्

वा

सही अक्षर लाउने अक्षर नभएर हो ।

यहाँ प्रेस गल्ती बोल्ने गर्छ

यहाँ पुस्तक गल्ती छापिने गर्छ ।–"

निकै गहिरो अभिव्यक्ति छ । यी माथिका पंक्तिहरूको भाव धेरै ठाडा सम्म पुगेको छ ।

– संग्रहभित्रका–भीम बहादुर मेरो नाम हो ।

गिद्ध ओठका समवेदना ।

प्रूफ मिस्टेक म पढिरहेछु ।

हामी रोग पिएर बाँचिरहेका छौं ।

नयाँ वर्ष ।

आदि कविताहरू विशेष प्रकारका छन् । यी कवितामा युगचेत छचल्किएको पाइन्छ ।

संग्रहले तीन जनाका मन्तव्य–भूमिकाहरू बोकेको छ । कृष्ण चन्द्र सिंह प्रधान, नरेन्द्र चापागाई दधिराज सुवेदी ।– का छुट्टा छुट्टै मन्तव्यहरू ।

कृष्ण चन्द्रसिंहको– तूफान/साहित्य स्तुति

आदेश होईन/शीर्षक–

मा समालोचक प्रधानज्यूको एउटा सशक्त पूर्वसमालोचनाले प्रस्तुत संग्रहबारे भनिरहन बाकी राखे जस्तो लाग्दैन ।

"साहित्य भोड हैन साहित्य कारखाना हैन; साहित्य स्तुति–आदेश हैन ।– आफूले कायम गरेको कीर्तिमान-लाई आफैले भत्काउन नसक्नेले अरुसंग प्रतिस्पर्धा गर्न सक्तैन ।–" समालोचक प्रधानज्यूको उक्त अभिव्यक्तिले एउटा नयाँ आधार उभ्याएको छ ।

–भूमिकामा सम्बोधनको खाँचो पर्दैन, भचाहिं गर्दछु ।"

–गुरुमा नै भनिएको छ र नभन्दै १२ पृष्ठको भूमिकामा थुप्रै ठाउँ संबोधन गरिएको छ ।– "हामी सरदरमा छौं, तिमी सरदरमा छौं । यही सरदर आजको जीवन हो । यही सरदर आजको कविता हो ।–"

यसरी समालोचक श्री कृष्ण चन्द्र प्रधानको भूमिका पढेपछि प्रस्तुत सिर्जाहीको चिट्ठीबाट कविताको परिचय अर्कै ढंगले पाइन्छ । कविता भन्दा पनि भूमिकामा आफ्नै पाराको छुट्टै आकर्षण छ ।

सारांशमा–

कवि तूफानका कविताहरूमा एउटा नयाँ सन्देश छ । नयाँ आव्हान छ । निराशा, कुण्ठा, घृणा, विवशता, बाध्यता देखि लिएर राष्ट्र समाजप्रतिको चिन्ता– यावत् विषय पाइन्छ ।

यसैले त–

"विचार हामी अपांग ।

आफ्नै सभ्यता नम्याएर अथवा भर्नो खोलिएर.. । हामी दन्त्यकथाको पात्र ।" कवि तूफानकै उक्त कवितांश उद्धृत गर्दै यस प्रसंगलाई यही टुंग्याउनु पर्ला । कवि तूफान कविता– साहित्यमा एउटा नयाँ तरंग जन्माएर सधैं सधैं उद्घोष गरिरहलान् । नेपाली कविता-पाठक को हृदयमा आफ्नो तूफानी छाप पारिरहलान् । ×

यसमा पनि साश्वतता छ कि श्रीमान् !

–राजेन्द्र सुवेदी

'साहित्य नारा होइन; यसमा मानवीय साश्वतता हुनुपर्दछ' यसो भनेर साहित्यको आदर्श कायम गर्न मरिमेट्ने केही स्वयोषित विद्वानहरूको अभिव्यक्ति गर्जेको सुन्न पाइन्छ । त्यस्ता विद्वानहरूलाई साश्वतताका केही पक्षहरू राखिदिन मन लागेको छ । तो पक्षहरूमा मेरो दृष्टिको साश्वतता मौजूद छ । यदि यो मेरा साश्वत धिमहरूमा तपाईलाई साश्वतताको अनुभव भएन भने यस्तो एउटा रचना लेखेर आफ्नो खाले साश्वतता पेश गर्नु होला । तर त्यस बेला निरपेक्ष र निष्पक्ष भएर प्रस्तुत गर्न भने नबिर्सनु होला ।

'समाजमा वर्गीय भेद हुनु हुँदैन' भनेर कसैले आफ्नो रचनामा प्रस्तुत गऱ्यो भने तपाई त्यहाँ नारा देख्नुहुन्छ । त्यही वर्गीय भेदका कारणले सामूहिक कल्याणका प्रसङ्गमा नारा देख्ने दृष्टि पाउनु भयो तपाईले । आफ्नो आत्मजात्य चस्मालाई फुकालेर एकपल्ट वस्तुजगत्लाई सोझै हेर्नुहोस्– चस्मा लगाएर तपाईले नारा देख्नु हुन्छ; त्यसैलाई चस्मा फुकालेपछि मानवीय मूल्यको साश्वत सत्य देख्नु हुन्छ । त्यस कलाले तपाईलाई र तपाईले ठानेको नारा बोल्ने पात्रलाई, अझ नारा भोग्ने पात्रलाई समेत समीकरण गरिरहेको हुनेछ । त्यस भन्दा ठूलो साश्वतता कहाँ गएर त्याउनुहुन्छ तपाई !

कला र सौन्दर्यको मार्क्सवादी वा भौतिकवादी पक्षलाई एकदमै पन्छाएर तपाई अध्यात्मवादी बन्न चाहनु होला ! तर आज त्यो शताब्दी नै होइन । मानवीय सम्वेदना र मूल्यहरूलाई नै साश्वत ठान्ने हो भने त्यो तपाईको सौन्दर्य फेरि नारा बन्न पुग्छ । अब तपाईलाई कसरी शिष्ट र नरम शब्दावलीमा सम्झाऊ ? तपाई भन्नु हुन्छ; नारा साहित्य होइन; नारा कला होइन; नारा सम्वेदना होइन ।

तपाई साश्वतता खोज्नु हुन्छ– महिलाको अस्तित्व र प्रतिष्ठाको आव्हानमा । म त्यही कुरा –'नारीले बलात्कार गरिनु हुँदैन' भन्ने शैलीमा भनुंला । त्यसमा तपाई नारा देख्नु हुन्छ । तर 'त्यो बलात्कृत नारी तपाईकी बैनी, छोरी र आमा नै हो ।' अब त्यसमा साश्वतता आयो कि आएन ? तपाई कला खोज्नु हुन्छ– महिला अधिकारको सुरक्षाको आवाजमा– म त्यही कुरा –'नारीको इज्जत र प्रतिष्ठा हुनुपर्छ' भन्ने शैलीमा भनुंला । त्यसमा तपाई नारा देख्नुहुन्छ । तर त्यो महिला तपाईकी आमा हो । अब त्यसमा कुनै कला आयो कि आएन ?

तपाई सम्वेदना खोज्नुहुन्छ– महिलाको सम्मान र मर्यादाको आवाजमा– म त्यही कुरा 'हाम्रा चेलीबेटी वेश्यालयमा प्रयोग गरिनका लागि निर्यात गरिनु हुँदैन।' भन्ने शैलीमा भनुंला। त्यसमा तपाई नारा देख्नुहुन्छ। तर तो चेलीबेटीहरू तपाईका साखै छोरी र बुहारी हुन्। अब यसमा सम्वेदना आयो कि आएन? तपाई पनि नारीमा मर्यादा र मानवीयता खोज्नु हुन्छ– महिला उत्थान र मुक्तिका आवाजमा –म त्यही कुरा –'महिला दासी मात्र होइन र समाजका स्वार्थीहरूको मनोरञ्जनको पात्र मात्र होइन भनुंला। त्यसमा पनि तपाई नारा मात्र देख्नु हुन्छ। तर त्यो नारी तपाईकै पत्नी र सहोदर बहिनी मध्ये एक हो र त्यसमाथि विकृत समाजबाट बलात्कार भैरहेछ'। अब यसमा साश्वतता आयो कि आएन?

तपाई साश्वतता खोज्नु हुन्छ– विकृत धर्म र संस्कृतिका विरुद्ध उन्लेका स्वरहरूमा। म त्यसलाई धर्मले शोषणको मार्ग अपनाएर समाजलाई यथास्थिति भन्दा पनि पछि धकेलीरहेछ भनुंला। तपाई त्यहाँ पनि नारा देख्नुहुन्छ। त्यस शोषणले तपाईकै भाई भतिजा र छोराछोरीलाई गरीब तुल्याएको छ। अब सोच्नुहोस् यसमा साश्वतता आयो कि आएन? तपाई कला खोज्नु हुन्छ – मठ मन्दिरका मूर्ति र स्थापत्यहरू आदर्श र परम्पराका स्रोत हुन्; यिनका माध्यमबाट समाजले शोषित हुनु हुँदैन भन्ने शैलीमा भनुंला। त्यसमा तपाई नारा देख्नुहुन्छ। तर त्यो मन्दिरको गुठी सकिंदै जाँदा र मूर्तिहरू चोरिंदै जाँदा तपाईलाई नै आत्मग्लानि भैरहेछ। अब सोच्नुहोस् यसमा कला आयो कि आएन? श्राद्ध र क्रियाकाजको नाम दिएर धर्मका व्यवहारिक र नैतिक मूल्य नै आडम्बर प्रसित भैसकेका यस युगमा तपाई सम्वेदना खोज्नुहुन्छ। म त्यसलाई धर्मका आडमा समाजको शोषण हुन नपाओस् भनुंला। त्यसमा तपाई नारा देख्नुहुन्छ। त्यही धार्मिक आडम्बरले तपाईका शाखासन्तानले बसाई हिड्नु पर्‍यो। अब भन्नुहोस् यसमा सम्वेदना आयो कि आएन?

बाल विवाह गरिनु हुँदैन; विषम उमेरको विवाह गरिनु हुँदैन; बहु-विवाह हुनु हुँदैन जस्ता आवाज ल्याउला एउटा वस्तुवादी व्यक्तिले। त्यसमा तपाई नारा देख्नुहुन्छ तर त्यस विवाहमा तपाईकै चेलीबेटीले शिकार हुनुपर्‍यो। अब भन्नुहोस्– यसमा शाश्वतता आयो कि आएन? बालकहरूको शोषण गरिनु हुँदैन; उनीहरूको अधिकार सुरक्षित हुनुपर्छ; यस्ता आवाज दिन सक्छ– एउटा वस्तुवादीले। त्यसमा पनि तपाई नारा देख्नुहुन्छ। तर त्यो श्रम र अधिकारबाट शोषित बालक तपाईकै छोरा-भतिजा हो– त्यसमा तपाईको हिमाग लगाई हेर्नुहोस्; शाश्वतता आयो कि आएन?

भोक तपाईलाई पनि लाग्छ; तपाईले खान नपाएको तीनदिन भैसकेकोछ। अनश्यस्त भोक सहन भएका तपाईलाई झन् बढता लाग्छ। श्रमिकलाई तपाईलाई जस्तै भोक लाग्छ। जाडो तपाईलाई पनि लाग्छ; गरीबलाई तपाईलाई जस्तै लाग्छ। बिमार तपाईलाई पनि लाग्छ र त्यसै बिमार निर्धनलाई पनि लाग्छ। श्रमिकले पेट भरि खान पुग्ने खाद्यवस्तुको माग गर्ला, गरीबले लुगा लगाउन पुग्ने मजदुरीको व्यवस्था हुनुपर्ने माग गर्ला; निर्धन बिमारीले औषधोपचारको सुविधा हुनुपर्छ भन्ने माग गर्ला। त्यसमा तपाई नारा देख्नुहुन्छ। तर त्यो श्रमिक तपाई नै हुनुहुन्छ; त्यो जाडोले कठाङ्ग्रीएको आङ तपाईकै श्रीमतीको हो र त्यो

बिरामले मनलाई पकपक मुख बाउँदै गरेको रोगी तपाईंको छोराछोरी हो। अब तपाई स्वयम् निर्णय गर्नु होस्, यसमा साश्वतता आयो कि आएन ?

तपाईको पनि एउटा राष्ट्र छ; त्यस राष्ट्रको सार्वभौमिकतामा वैदेशिक उपनिवेशका नयाँ नङ्ग्राहरू गाडिन लागेका छन्। त्यस्तो देखेर म नव्य शैलीको उपनिवेश फैलिनु हुँदैन भन्ने ला; त्यसमा पनि तपाई नारा देख्नुहुन्छ। अब कहाँ छ तपाईको साश्वतता ? तपाईको पनि देश छ; त्यो देश मानचित्रको चार किल्ला मात्र होइन; जाति, धर्म र संस्कृति, सभ्यता, जीवन पद्धति र मूल्यमान्यता, विचार र परम्पराका पक्षहरू छन्। म तो सबैको समन्वय गरिनुपर्छ भन्ने ला। तपाई त्यसै मित्र नारा देख्नु हुन्छ। अब कहाँ पाउनुहुन्छ त साश्वसता / देशको स्वाधिनतालाई धितो राखेर वैदेशिक सन्धिनगर्नु होस्। आपसी कलह र विश्वसका लक्षणहरू देखिन नदिनुहोस्। मुलुकका प्राकृतिक श्रोत र साधन-लाई कमजोरी हुन नदिनुहोस्। विदेशको हित र स्वार्थ-मा राष्ट्रिय मूल्यहरूको बाजी नयाप्नुहोस् भन्ने ला यसमा पनि तपाई नारा देख्नुहुन्छ। अब यो सबै तपाई-को राष्ट्र मित्र भरहेछ; अब कहाँ खोज्नु हुन्छ साश्वतता ?

हिमालयमा घाम लाग्यो-झलमल्ल। खोलो सुसायो-मनमोहक हिसाबले जुन दहदह लागेको छ। सुन्दरी तरुनीले सोह्र श्रृङ्गार लगाएर एकान्त उद्यानमा तपाईलाई निमन्त्रणा गर्दछ। मिर्गका पाठाहरू नाची रहेका छन्। बगैंचा भरी फूल फुलिरहेका छन्। यसले जीवनको समाजवादी यथार्थताको दृष्टिकोणलाई कति सघाउ पुऱ्याउछ ? बाखाको पाठो चौरमा उफ्रिंदै छ। मदिराको प्याला लिएकी परी तपाईले खाइदिनु पर्‍यो भनेर नखरा पार्दछ। यसले वर्तमानको दैनिक जीवनमा कस्तो साश्वतता थपेको पाउनुभयो ? यौन व्यभिचारका क्रियाकलाप रमाइलो पाराले टोलटोलमा चलिरहेका छन्। लागु पदार्थ बराबर सेवन गर्न पाइन्छ। प्यारी उठौं कि अब त कुखुरा कराए। पिपलका फेदमा रामबहादुर र सेतोले समसाँझै रामरउस गरे। छिन्द्रङ्ग शब्द चूरीको सुनि उठनुभयो। यसले समाजलाई दैनिक जीवन निर्वाहको कुन बाटो देखाएको पाउनु भयो ? रोमनाथकी छोरीले बम्बईको कोठीमा दिनको १०/८ जना नाठासंग रमाइलो गर्न पाएकी छ। पैसा कमाउन भन्सारलाई घिउ ठान्नुहोस्। जङ्गल फाँडेर बेच्न पाएकाले पैसा कमाउन सकेको हो। यी चिममा पक्कै पनि नारा छैन होला तर यस्तै नारा साहित्यमा तपाईले साश्वतता पाएको हो भने त्यो साश्वतता तपाई नै पोक्याएर राख्नुहोस्। एउटा सामन्त युगको इतिहास थन्किनुहोस्। यदि यस्तै साश्वततालाई नारा रहित ठान्नुभएको हो भने यहाँको साश्वतता आजको युगलाई आवश्यक छैंदैछैन।

मैले त भोक लाग्नु भन्दा ठूलो साश्वतता फेला पार्न सकेको छैन। भोक एउटा समस्या, त्यसको साझा समाधानको उपाय खोज्न निम्त्याएको छ। बिरामी लाग्नुभन्दा ठूलो साश्वतता मैले फेला पार्न सकिन; जीवनमा त्यो पनि साझा समस्या हो; त्यसको समाधान को उपाय खोज्न आग्रह गरेको छु। गरीबी र अभाव पनि मैले साश्वत नै ठानेको छु; जीवनमा यो पनि साझा समस्या हो। यस समस्याको समाधान गर्ने बाटो खोज्न आह्वान गरेको छु। वर्गीय विसङ्गतिको निरा-करण पनि साश्वत देखेको छु। जीवनमा यो पनि सार्वकालिक समस्या भएर देखा परेको छ- यसको

समाधानका निमित्त पनि आमन्त्रण गरेको छु। के यी सबै तथ्यमा तपाई नारा मात्र देख्नुहुन्छ ?

तपाईका आँखामा जुन चस्माछ त्यसले विकृतिमा साश्वतता देखाउँछ र यथार्थमा नारा देखाउँछ। यस चस्माको निर्माण प्राविधि बन्दनभएसम्म साश्वतता जीवनमा आउने सक्दैन। विकृत संस्कारलाई संस्कृति देखाउने चस्माको कार्य बन्द नभएसम्म तिमीले वास्तविकतालाई हेर्न आँखा पाउने छैनौ। वास्तविकता भोग्ने सम्वेदना पाउनेछैनौ। तिमी भ्रममा छौ, त्यो स्वीकार र तिम्रो हालको प्रकारको चस्मा उत्पादनको अन्तलाई पर्खं। तिम्रो धैर्यले वास्तविक साश्वतता पहिल्याउने सुअवसर अवश्य प्रदान गर्नेछ।

✱

गीत

—श्याम रिमाल

चिनें चिनें पलांसलाई राम्रसंग चिनें
झुक्किएथें केही बेर तर सत्य चिनें

माया पनि पानीको झें फोका बन्दोरैछ
ताराभित्र अँध्यारोको मेला लाग्दोरैछ
छामें छामें ढुङ्गालाई राम्रसंग छामें
कठोरताको मूर्तिलाई यही मनले छामें

सुन पनि चिनिदैन कसीमा नघोटी
आपनें छाया देखिदैन जिन्दगी नभोगी
देखें देखें खहरेलाई राम्रसंग देखें
एक भेल उर्लनेलाई यही आँखाले देखें

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाह देव सरकारको

४७ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा
मौसुफ सरकारको सुस्वास्थ्य तथा
दीर्घायुको मंगलमय कामना गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक

केन्द्रीय कार्यालय

टंगाल, काठमाण्डौ

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

४७ औं शुभ जन्मोत्सवको पूनित
उपलक्ष्यमा मौसुफ सरकारको
सुस्वास्थ्य तथा दीर्घायुको
मंगलमय कामना गर्दछौं।

जनक शिक्षा सामग्री केन्द्र लि.

परिवार

श्रीमतीको चाहना

—ज्ञानेन्द्र गदाल

बिहान उठेदेखि मेरी श्रीमतीको लियाक्रो, रूखो अनुहार सहितको सधैंको कचकच र अर्थहीन तर्कवितर्कले मेरो दिनभरीको कृयाकलापमा समेत नराम्रो मानसिक असर पर्न थालेको छ । कहिलेकाहीं अरूले झैं मलाई पनि परिवारसँग बसेर सुख दुःखका बातचित गर्न, हाँसखेल अनि रमाइलो गर्न मन लाग्छ तर मेरो श्रीमती भने सधैं नचाहिदो कुरामा फत्फताउने बानी कहिल्यै छाड्ने होइन । हिजो बेलुकी कार्यालयबाट फर्केपछि यसो केही अध्ययन गरौं भनेर पुस्तक हातमा लिएर बसेको मात्र थिएं, मेरी श्रीमती भुत्भुताउँदै कराउन थाली– "नामर्दको स्वास्नी हुनुभन्दा त मर्दको नोकर्नी हुनु नै जाति । नैतिकता र आदर्शताको पनि सीमा हुन्छ नि ! यस्तो खोक्रो आदर्श बोकेर कति दिन बाँच्ने अनि बचाउँने हो हेर्रौं ल ।"

मेरी श्रीमती र मेरो बीचमा सधैंजसो सानोतिनो कुराहरूमा पनि ठाक-ठाक, ठुकठुक परिरहन्छ । मेरो प्रत्येक कुरामा पनि ऊ मसँग रिसाउने गर्छे । मडारिएको कालो बादल झैं उसको अनुहारले मलाई सधैं एक किसिमको नमिठो एवं उदास अनुभूति दिइरहन्छ । मानौं उसलाई म देखि ठूलो रिस छ, घृणा छ । ऊ मलाई घूस र कमिशन खान भनेपछि पर सर्न नामर्द, डरछेरुवा सम्झन्छे । उसले धेरै चोटी भनी सकि– "मर्दको पो आँट हुन्छ, हिम्मत हुन्छ, सम्पत्ति कमाउँछन् सुखी र आनन्दी जीवन बिताउन पाउँछन् । नामर्दको त न आँट, न हिम्मत, न सम्पत्ति क्यै न क्यै... .. ।" छरछिमेकका केही घुस्याहा कर्मचारीहरूको नाम लिएर ऊ सधैं उनीहरूको तारिफ गर्छे, उनिहरूलाई एक साहसी र मर्द पुरुषको पंक्तिमा राख्छे । मलाई नै छेड हानेर ऊ बारम्बार भन्ने गर्छे– "सुखसँग पाल्न नसक्ने, सम्पत्ति जोर्न आँट नगर्ने हुतिहाराले किन बिहे गर्नु ? किन छोराछोरी जन्माउनु ? एवर्ल भए त थोरैले पनि चैन गर्न पुग्छ नि ! फेरी त्यस्तालै त साधु बने पनि त भयो । सँगै जागिर खाएको एक तहको कर्मचारी (शाखा अधिकृत) त हो नि रमेश कापले पनि, ! हेर्नुस् त उनको कत्रो रवाफ छ ? मुण्डा घर कम्पाउण्ड सहितको बनाएका छन्, खेतीपाती तराइमा प्रशस्त जोरिसके । उनको घरमा के चिज छैन ? भिडियो, डेक, क्यासेट, फ्रिज, दराज, सोफासेट, मोटरसाइकल सबै छन् । अझ अब उनी मोटरसाइकल बेचेर बेञ्चकार किन्ने धूनमा छन् रे । छोरा छोरी (तीन जना)

लाई राम्रो बोर्डिङ स्कूलमा पढाएका छन्, बढो शोख-संग राखेका छन् । घरमा काम गर्ने दुई-दुईजना नोकर-चाकर छन्, पराइकी श्रीमती कति भाग्यमानी ! आफ्नो त भाग्य नै खोटो के गर्नु ... ।''

मेरी श्रीमतीका यस्ता कुराहरू सुनेर मलाई ज्यादै नरमाइलो लाग्छ, म अवाक हुन्छु । धनसम्पति र विलाशिताको मुक्तभोगी छे ऊ । वास्तवमा मेरी श्रीमती सुखी, आनन्दी र विलाशितामा मात्र जिउनुको सार्थकता प्राप्त गर्ने एउटी नारी हो भन्नुमा कुनै अत्युक्ति हुँदैन । यो सब कुराहरू ठीक होइनन् भन्ने कुरा सम्झाउने कोशिसमा मैले उनलाई धेरै पल्ट नभनेको पनि होइन । म सधैं भन्ने गर्छु – ''सम्पत्तिबिना बाँच्न सकिँदैन यो तथ्य हो तर आवश्यकता भन्दा बढी सम्पत्तिको चाहना गर्नु पनि त ठीक होइन । आफ्नो आवश्यकता पूर्ति गर्ने सम्म सम्पत्ति भए त भैगो नि ! आफ्नो क्षमताभन्दा बाहिरको कुरा तापनु बुद्धिमानी होइन । फेरी घुस र कमिशनबाट कमाएको सम्पत्तिको चैन त क्षणिक जीवनलाई मात्र हो । कसैलाई रुवाएर, कसैको चित्त दुखाएर आर्जन गरेको सम्पत्तिले त मानिसलाई पोल्छ पो । यस्तो धन्दाबाट कमाएको सम्पत्तिले जत्तिसुकै चैन गरे पनि एक न एक दिन सत्यको सामु घुँडा टेक्नु पर्छ । असत्यको भविश्य अन्धकार हुन्छ । घुस खानु, ठग्नु भनेको असत्यको बाटो हिड्नु हो, त्यसैले यस्तो धन्दाको कल्पनालाई यथार्थतामा ढाल्न खोज्नु राम्रो कुरा होइन । हामी प्रत्येक व्यक्तिमा देश विकासको गहन जिम्मेवारी छ, घुसखोरी र कमिशनतन्त्रले त देश नै डुबाउँछ । गरीब झनै गरीबले थिचिन्छन्, धनि अझ धनि बन्दै जान्छन् । हो ! अरूको सुख, आनन्द र विलाशी जीवन देख्दा आफुलाई पनि त्यस्तो चाहना बढ्नु मानिसको स्वभाविक गुण हो तर हामी भन्दा कमजोर आर्थिक स्थिति भएका तर स्वभिमानमा बाँचेका मानिसहरू पनि त छन्, त्यस्तालाई हेरेर पनि त चित्त बुझाउनु पर्छ । अकलि हात्ति चढ्यो भनेर आफू धुरी चढ्नु त भएन नि !''

मैले भनेका यी सब कुराहरूमा उसको कुनै ध्यान छैन, ऊ वास्तै गर्दिन । मानवता, आदर्शता र नैतिकताका यस्ता कुराहरू त सिद्धान्तमा मात्रै पो हो व्यवहारमा यसको कुनै अर्थ छैन भन्ने उसको तर्क छ ।

आज शनिवारको दिन । बिहानै उठेर नुहाई, धुवाई गरेर पशुपति तिर लागें । पशुपति दर्शन गरेर घर फर्कें । पशुपतिनाथको फूलटिका लगाइदिंदै मैले मेरी श्रीमतीलाई आज त विदाको दिन हो, मन लाएर मिठो खाना पकाऊ है, आनन्दले हाँसी-हाँसी सँगै बसेर खाउँ मात्र भनेको थिएँ । मेरो कुरा भुइँमा खस्न नपाउँदै उसको मिठो जवाफ आयो– ''नमिठै खाएर पनि स्वाभिमानमा बाँचेका मानिस पनि त छन् नि ! त्यस्तालाई हेरेर चित्त बुझाए भैगो नि किन खानु मिठो मसिनो ?''

म पुनः अवाक भएँ, सानो, छोरी काखमा च्यापेर बाहिर आँगनमा केही नबोलीकन निस्कें । ऊ फटफटाउँदै भान्छातिर लागी ।

– फिक्कल ईलाम

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाह देव सरकारको
४७ औं शुभ जन्मोत्सवको पुनित उपलक्ष्यमा
मौसुफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको
मङ्गलमय कामना गर्दछौं ।
शाही औषधि लि.

आँशु र नारी दुर्बलता

–तुलसी गिरी "भावुक"

नारीलाई कोमलताको प्रतीक मानिन्छ । उनीहरूलाई अर्थात् उनीहरूको भावनालाई पुष्पसंग दाँजिन्छ । तर नारीहरू भावनाका मात्र कोमल नभएर प्रायः सम्पूर्ण पक्षमा नै कोमल अर्थात् दुर्बल पनि हुन्छन् । भनिन्छ पुरुषबाट कुनै काम लिनुपर्यो भने सो पुरुष विवाहित भए सर्वप्रथम उसकी पत्नीसंगको सम्बन्ध नजिक बनाउनुपर्दछ । नारीहरू घरका दीप हुन् । उनिहरू बलेनन् अर्थात् प्रशन्न रहेनन् भने घर अन्धकार हुन्छ, उनीहरूलाई प्रशन्न राख्न सक्नु नै पुरुषको सक्षमता, सम्पन्नता र चातुर्यता मानिन्छ । नारी (पत्नी) संगको अनमेलबाट नै घर जतिसुकै सम्पन्न भएपनि विपन्न हुन्छ । नारीहरू अस्थिर मनस्थितिका नै हुन्छन् भनेर किटान गर्न नसकिएता पनि विशेष गरी यिनीहरू चाँडै निर्णय लिने या बदल्ने स्वभावका हुन्छन् भन्न चाहीं सकिन्छ ।

जो असक्षम हुन्छ, ऊ एक प्रकारको घमण्डी हुन्छ । घमण्ड उसको असक्षमतासंग सम्बन्ध राख्ने कसैको व्यंग्यात्मक वचन पर्नासाथ प्रस्फुटन हुन्छ । धैर्य गर्न उसले सक्दैन । त्यसैले निर्बलहरू बडी रिसालु, शंकालु र चाँडै जाइलाग्ने प्रवृत्तिका हुन्छन् । असक्षम हरू आफ्नो महत्ता अर्काको अगाडि चाँडै बयान गर्न चाल्छन् याने उनीहरूमा कमजोर अहम हुन्छ । शुक्ष्म कारणबाट चिन्तित भैरहनु र शंकालाई मात्र लिएर यथार्थमा बहकिनु पनि दुर्बलता, अस्थिरता र असक्षमताको परिचायक तथ्य हो ।

यहाँ दुर्बलता र घमण्डपना कसरी उत्पन्न हुन्छभन्ने तथ्यलाई देखाएर नारीहरूलाई मात्र त्यसमा समावेश गर्न खोजिएको हैन । जो कोही व्यक्ति पनि मानसिक, शारीरिक स्थिति र धारणा अनुसार जस्तोसुकै स्वभावको पनि हुनसक्छ तापनि नारीहरू चाहीं यस विषयका विशेष पात्र हुन् । किनकी-आँशु झर्नु भनेको भावनाभित्र मर्मान्तक विषयको धक्का लाग्नु हो । यो संयोगान्त वा वियोगान्त जस्तोसुकै अवस्थामा पनि हुनसक्छ । अचानक अवस्थामा कसैले त्यस्तो घटना सुन्छ जुन घटनाबाट ऊ त्यति प्रभावित हुन्छ जो उसले कल्पना गरेर तुरुन्त निर्णय लिन सक्दैन । अथात् अठोटमा पुग्न सक्दैन भने त्यस्ता प्रसङ्गमा मानिस शिथिल हुन्छ र घटनाको अवस्था हेरी आँशु झार्न सक्छ । आँशु अचानक मात्र झर्न चाही हैन । कोही व्यक्ति त्यस्तो घटनाको स्मरण गर्न लाग्छ जुन घटना अतीत भैसकेको छ र त्यो

उसको जीवनसंग धेरै नजिक छ। साथै त्यस घटनामा ऊ पीडित छ दुःखी छ भने त्यो स्मरण वर्तमानमा पनि उसको लागि असह्य भएर उलिन्छ र उसले आँशु बहाउँछ।

कुरो जे भएपनि वास्तवमा आँशु झर्नु भनेको मानसिकताको त्यो चरमबिन्दू हो; जहाँ पुगेपछि व्यक्तिले दुःख होस् वा सुख वर्णन गर्न नसक्ने स्थितिमा पुग्छ। त्यसको माप त्यतिबेला आँशुले गरिदिन्छ। तापनि नारीहरू पुरुषहरू भन्दा चाँडै आँशु झार्छन्, जब को आँशु झार्नुपर्ने स्थिति नै नआइपुगेको हुनसक्छ। विशेष गरी आफू कसैप्रति या कुनै कुरा प्रति कति पीडित छु भनेर प्रष्टयाउनका लागि अर्थात् बुझाउनका लागि, आफूले कति दुःख पाएकी छु भन्ने देखाउनका लागि, आफू कसैप्रति कति समर्पित वा बफादारी छु भन्ने विश्वाश दिलाउनका लागि नारीहरू बनावटी ढङ्गबाट विह्वल भएर आँशु झारिदिन्छन्। त्यो आँशु आँशु नै हो। जसरी आउनु पर्ने हो त्यसैगरी आएको पनि हो तर त्यसरी चाँडै आँशु झार्नु वा झार्नसक्नु नै दुर्बलता हो। आँशु चाँडै झार्नु, कसैसंगको गोपनियता चाँडै खोल्नु, निर्णय चाँडै लिनु वा बदल्नु, चाँडो आवेशमा आउनु वा निराश हुनु, कसैलाई असाध्य मायाँ गर्नु वा ठूलो वैरी देख्नु, कुनै विषयमा एकोहोरो जिद्दी गर्नु वा चाँडै त्याग र स्वीकार गर्नु आदि कुराहरू नारी दुर्बलताका लक्षणहरू हुन।

नारी दुर्बलताको प्रमुख कारण चाहीं पुरुष न हो। किनकी नारीहरू एक प्रकारले पराधिन नै हुने भएकोले कुनै पनि गहन कार्यमा निर्णय लिनु अघि कसको कारणबाट उनीहरू पराधिन छन्; त्यसदेखि डराउँछन। जसबाट नारीहरूमा आफू प्रतिको आत्मविश्वाश घट्छ र उनीहरू आफैंबाट विश्वस्त हुन सक्दैनन् र निर्णय लिन सक्दैनन्। नारी पराधिनताको स्रोत समाज र समाजको प्रत्येक अंग र त्यसपछिको परिवार हो। भनौं मूल रुपमा परिवार नै हो। खासगरी परिवार भनौं वा समाज त्यसको विधि विधाताको रुपमा पुरुष नै अग्रणी रुपमा रहने भएकोले यहाँ मैले पुरुषलाई दोषी बनाएर उभ्याएको छु। दुर्बलताबाट त्राश, शका, अहमता जस्ता कृत्रिम भावहरूको जन्म हुन्छ। त्यसले मानिसलाई न त सन्तोषसंग बाँच्न दिन्छ न त त्यस्ताहरू निष्पक्षी बन्न नै सक्छन्। चाँडै आँशु नझार्ने नारी र तुरुन्तै आँशु झार्ने भनौं माथि वर्णन गरिएका दुर्बल नारी स्वभाव भएका पुरुषहरू पनि नहुने चाहीं हैनन् तापनि यसलाई अपवादको रुपमा लिन सकिन्छ।

समाजमा स्वस्थ, उपयुक्त नारी स्वतन्त्रता र उनीहरूमा जिम्मेबारी जति बढ्दै जान्छ; त्यति नै नारी दुर्बलतामा पनि ह्रास हुँदै जान्छ। त्यसपछि नारी र पुरुषमा प्रायः एकै प्रकारका आचारणहरू र समान सम्झौताहरू भनौं दुवै तर्फबाट बराबरी मान्य रायहरू आदान-प्रदान हुन सक्छ। अज्ञानताले होस् वा अहमले होस् स्वतन्त्रताको नाममा विकृत कृयाकलाप र असामाजिक व्यवहारमा लाग्ने नारी त्यो पक्षका अमान्य चरित्र हुन। ★

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

४७ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको सुस्वास्थ्य, दीर्घायु तथा समृद्धिका

निम्ति परमेश्वर संग सभक्ति मङ्गलमय

कामना गर्दछौं।

साझा प्रकाशन

पुल्चोक

शुरूवात

—दामोदर पुडासैनी ''किशोर''

यात्रा, निस्कलंक र निर्वाध रुपमा
फेदीबाट शुरु हुन् पर्छ

० ० ०

केहीक्षण त्याम्पपोष्टहरू बालेर
केहीबेर ओहोर दोहोरका हल्लाहरू मच्चाएर
पानी सुक्दै गएको कुनै एउटा खाल्डोमा
असंख्य त्यागता र छिचिमिराहरू निसास्सिएर मरेर
मकुण्डो भित्रको हावा जस्तो
न बाहिर अरू हावा पनि छ भन्ने थाहा छ
न बाहिर सम्म पुग्न पर्छ भन्ने ज्ञान छ
केवल ठेलमठेल
केवल जिन्दगी जस्तै अनिश्चित र बेमेल
खांदिदै, चेप्टिदै र भित्र भित्रै खुम्चिदै गएको
कुनै त्याम्पो भित्रको सिन्की नै त हो यो शहर
अथवा, कुनै यात्रा नै नथालेर त्यसै थाकिसकेको
एउटा हांडिघोप्टेको हो यो रहर

० ० ०

गाउंबाट निस्किएको धेरै भाको छैन
तैपनि शहर गुण्डो भएको छ
गाउले वा ग्रामाले खाउन् नखाउन् त्यो उसले विसिसक्यो
अबेल उनीहरूलेनै पठाएको पैसाले
शहर रण्डी पनि भएको छ
कुन्नि कहांबाट आयात गरेको कपडाले
लाज ढाक्छ रे उसले
कुन्नि कहां कहां देश विदेशका सुरा र सुन्दरीहरू
टेलीभिजनमा हेर्छरे उसले
तर आफ्नै आंडमा बसि नबलेका गाउंहरू त देखेन
''एक धान मर्क भुटेको
अहिले सर्प खाए मरे स्यानेले डांको छोडछ''
''हेर हे भुण्टी यो गुन्यो आगोको वंशसम्म पुऱ्याउन पर्छ
वरु अहिले त गर्मी छ
गम्छा बेरेर बसे पनि हुन्छ''
हिडदा हिडदै खोले फतफत फत्केको सुनियो
''यो गाउं त पेरिस जस्तो रहेछ यार
नागै रहन पनि स्वतन्त्रता हेरन''
आंखा पुगे
शहरिया सिल्लोहरू तिनको मोलतोल गर्न गर्छन
नांगो शरीरको स्वाद चाखेर ढिडो खोलेलाई लत्याउने गर्छ
पारिलो घाममा सधैं नांगो पिठ्यूं सेकाउने, र
रापिलो आगोमा सधैं दूध तताउने
सम्पन्न त निर्क नै हो यो गाउं

तर गांस, बास र कपासको
अझै यहां यात्रारम्भ भएको छैन
अलिकति हुने खानेहरू पनि शहरतिरै बसाई सरिसके
तर, वास्तविक शहर बिनाउने कखराको
यस गाउंमा अझै शुरुवात गरिएको छैन ।

—गोंगबू, काठमाडौं ।

ऊहापोह उल्टो हुन सक्छ

— उज्वल जी. सी.

मैले रोपेको आस्थाको बीजभित्र
तिमी अविश्वासको सूक्ष्म कीट नबनि देऊ
किनकि—मसंग
कीटनाशक आस्था अझै पनि छैन
हो, मैले
कहिले काहिं देखे गरेको छु–
संस्थित आस्थाहरू पत्तै नपाई ढले गरेका
(भूकम्पका जोडदार धक्काले-
पक्की घरहरू/शहरहरू ध्वस्त भए झैं)
आस्थाको प्रतीक विश्वास हो
विश्वासमा धमिरा लागेपछि--
सत्यमा छीया लाग्न सक्छ
फलतः . ...
मान्छेले मान्छेलाई--
मान्छे नदेख्न सक्छ
ऊहापोह उल्टो हुन सक्छ
यथार्थमा--
हुनु पर्ने नहुन सक्छ ।

गजल

—उदय क्षितिज

शुरा मनाउन म सुन्दर कोमल फूलहरू टिप्न चाहन्न
बुढा/रा मनाउन म आफ्ना सेता केशहरू देखाउन चाहन्न ।

० ० ० ०

फूलवारीमा त म स्वयम सजिन चाहन्छु
फूलहरू टिपेर आफ्नो शरीर सजाउन चाहन्न ।

० ० ० ०

मन भित्र आगो दनदनी बली रहेछ
अब म सलाईको काँटी कोर्न चाहन्न ।

० ० ० ०

आकाशमा बाज र गिद्धहरू फन फरी घुमीरहेछ
परेवालाई आकाशमा हुन्याएर म मार्न चाहन्न ।

० ० ० ०

यात्राको क्रममा आफ्नै खुट्टामा हिंड्न चाहन्छु
निर्जीव नै भए पनि "यन्त्र"लाई यातना दिन चाहन्न ।

नरदेवी, काठमाडौं ।

गीत

—भीमविराग अधिकारी

आफ्नैहरूको बस्तीबाट खेदिएको म
उडिरहेछु धूलोजस्तै बतासिइरहेछु हुरीसङ्ग
कोही मेरो परिचय नसोध
डुबेको डुंगाको किनारा हुँदैन
चुंडिएको चङ्गाको सहारा हुँदैन
डुबिरहेछु डुंग जस्तै चुंडिईरहेछु चङ्गाजस्तै
जिन्दगीका कथाहरू नसोध
उडेको पंछी हुँ कुनै बास छैन
बेसहारा सांझको पनि साथ छैन
उडिरहेछु मनसङ्ग सुस्ताइरहेछु रातसङ्ग
कोही मेरो ठेगाना नसोध

घरमा आउनुस अरे

–प्रतीक ढकाल

'हिजो त मने जति मेलो नै भएन, तर आज त जति सुकै ढिलो भए पनि यो र त्यो माथिल्लो ठूलो गारो हिल्याई नसकीकन गोरू नै खोल्दिन। दुनियाले आधा खेत हिल्याई सके... म चै पछुवाको पछुवा जहिले पनि।' बाँया हातमा भएको लौरोलाई गोरु पिट्ने जस्तो अर्थमा उझाउँदै धमाधम खेत हिल्याइरहेका योगप्रसादले सोचे। 'दिनभरि नै जोतिरहदा गोरुलाई मार त निकै पर्छ .. तर के छैन, प्रशस्त खान पाए पछि यो सांढे-लाई ढाँगोले पनि छुँदैन। अब दुःख त कसलाई हुन्न र? मलाई पनि त यो मर्कबारीको लुँडी पल्टाउन कम गाह्रो भएको छ र!.....

यस्तै विभिन्न प्रकारका कुराहरू मनमा खेलाउँदै अलिन् र पसिन् हुँदै खेत जोतिरहेका योगप्रसाद आफ्नै धुनमा मस्त थिए। यत्तिकैमा एउटा बाल बोलीमा "काका" भनेर बोलाएको आवाज उनको कानमा पऱ्यो। उनले "ह बाई" भन्दै गोरु थामे र आवाज आएतर्फ फर्केर हेरे– आफ्नै छ वर्षे भतिजो दीपक रहेछ जो हतार हतार आएकोले स्वाँ स्वाँ पर्वा पर्वा गर्दै थियो।

"कि, के भयो, ?" उनले सोधे।

"काका, झट्टै घर जानु अरे, काकीले भनेको।"

सानो दीपकले अड्की अड्की आफ्नो कुरा पुरा गऱ्यो।

"घर जानु रे, किन र?" उनले बालकको कुरामाथि विश्वास नलागेर सोधे।

"घरैं मान्छेहरू आएका छन्, कुन्नि के कामले हो झट्टै घर जानु अरे," दीपकले फेरी पुष्टिसाथ आफ्नो कुरा राख्यो।

सानो छोरो दीपक त जसरी आएको थियो त्यसरी नै बुथुङ बुथुङ गर्दै फर्केर गैहाल्यो, तर योगप्रसाद भने निकै सोचमा परे। 'किन बोलाएको होला त्यस आइमाईले बेकारमा। झन उन्नोभांतो धमाधम छ भनेर बेलुकै पनि कुराकानी गरेको। खाना खानका लागि बोलाएको हो कि भनौं भने पनि भर्खरै त हो खाएको। खाएर आइपुग्दैछु भर्खर, साँच्चै भन्ने हो भने चुठेको हात अझै ओभाएको छैन भने पनि हुन्छ। फेरि त्यसबेला कुनै कुरै गरेकी थिइन। अचानक यो कस्तो बोलाहट हो? उनले कुनै निष्कर्ष निकाल्न सकेनन् र घर जाने कि नजाने भन्ने विषयमा भन्दा बढी किन बोलाएको होला भनी सोच्न थाले।

'कोही चुनावको प्रचारमा आएको होला' उनले सोचे– यस्तो लठिबज् काम छोडेर भुत्रो पनि जाऊ। जसलाई भोट चाहिएको छ उसले आफैं आउनु-

पर्छ । यी नेता भनाउँदाहरू भोट माग्ने बेलामा लुत्रे बिरालोले झैं म्याँउ म्याँउ गर्दै अघि पछि लाग्छन् किया खुवाउँछन् नमस्कार गर्दै हिड्छन्, पछि जितिसकेपछि न चिन्ने पनि होइनन् । नमस्कारको प्रत्युत्तर दिनसम्म पनि गाह्रो पर्छ विनोहरूलाई ।

'घरमा केही दुर्घटना भो पऱ्यो कि !' अचानक एउटा चिसो लहरले उनको सर्वाङ्गलाई कमायो । उनका आँखा अगाडि हिजो मात्र गाईको कुँडो पकाउने भाँडो मा परेर सम्पूर्णतः जलेको रामबहादुरको सानो छोरोको आकृति नाच्न थाल्यो । कति हृदयविदारक दृश्य थियो त्यो, कति दयनीय आवाजमा सकी नसकी रुँदै थियो त्यो अर्धमृत अबोध शिशु । उनका कानमा साँच्चै नै बरपर कर्तबाट 'शिशु रोएको आवाज परे झैं लाग्न थाल्यो । के विश्वास छोरोलाई सुताएर उनले केही गर्न थालिन् होला बाहिरतिर, उसको पालो उठेर अँगेनानिर गयो होला र, आगोमा पऱ्यो होला । बाबा, यी बामे सर्न आगेका केटाकेटीलाई जोगाउन साह्रै गाह्रो हुने रहेछ । सोच्दा सोच्दै उनले आफूलाई थाम्न सकेनन् र गोरु धपाउने सोरोलाई हलोको पछाडि मेलमा गाडेर छिटो छिटो घरतर्फ लगे ।

केही पर पुगेपछि उनी हिड्दै हिड्दै अचानक रोकिए । मनभित्रबाट कसैले घच्घच्यायो– 'दीपकले घरमा घेरै मान्छे आएका छन् भन्दै थियो . होशियार! ...मैले कुरै नबुझी बसरी हाँप र झाँप गर्दै घर जानु ठीक हुँदैन । के विश्वास, घरमा पुलिस आएका पनि त् हुन सक्छन् नि ।' उनको मस्तिष्कको पर्दामा अखरै मात्र बितेको घटनाको चक्र दोहोरिएर घुम्न थाल्यो–

'पुलिसको के विश्वास ?' फूली बढाउनका लागि जे पनि गर्न सक्छन् पुलिसहरूले । हुन सक्छ, वारेण्ट सकिएको नहोस ।' सोच्दा सोच्दै उनलाई लाग्यो 'हो पक्कै पनि घरमा पुलिस नै आएको हुनु पर्छ । त्यसैले त 'घरमा घेरै मान्छेहरू आएका छन्' भनेर दीपकले भनेको होला । मैले घर जानु ठीक छैन । तर झन पुलिस आएका भए सुशीलाले झट्टै घरमा किन बोलाउँथिन होला र ! पुलिस भनेर नचिनेर हो कि ! सिमिलमा पनि त हुन सक्छन् नि दुष्टहरू ।'

उनका पाइलाहरू अघि बढन सकेनन् । फेरि सोचे वारेण्ट दोहोरिने संभावना जति छ त्यति नै न दोहोरिने संभावना पनि त छ । मैले घरको नै के छु र त्यही खुला आमसभामा एक पल्ट बोलेको त हो– त्यही पनि नराम्रो कुरा केही पनि भनिन । शिक्षकले पनि उपदान पाउनु पर्छ, संचयकोष र निवृत्तिभरणको व्यवस्था हुनु पर्छ र पेशागत रुपमा सारा शिक्षकहरू एउटै सूत्रमा आबद्ध हुनुपर्छ भनेर आव्हान गरेकै मात्र न हो । फेरि सुशीला पनि एउटी पढे लेखेकी आइमाई हो– पक्कै पनि केही ठूलै कुरो नभैकन बोलाएकी होइन होला । आफ्नै लोग्नेलाई पुलिसका मुखमा कोचूँ भन्ने भावना त कुन स्वास्नीका हृदयमा हुन्छ होला र? यदि अपवादका रुपमा कसैमा हुन्छ नै भने पनि मेरी सुशीला त पक्कै पनि त्यो वर्गमा नपर्नु पर्ने हो ।

अकस्मात् उनको मस्तिष्कमा एउटा नयाँ विचार आयो र आफ्नो पुस्तकालय कक्षको पल्लो छेउको कुनामा खाँदेर राखेको एउटा पुरानो फाइल उनको विचार शृंखलामा फन्फनी घुम्न थाल्यो ।

जीवनको एउटा ठूलो स्मृति र अनुभूतिको बाकस थियो त्यो पुरानो फाइल । सुशीलासङ्ग बिहे हुनुभन्दा अगाडि आफ्नो कलेज जीवनमा राधासङ्ग बिताएका अमूल्य क्षणहरूका स्मृति स्वरुप राधाबाट प्राप्त भएका सम्पूर्ण पत्रहरू र तस्वीरहरू उनले आफ्नो प्रेमको प्रथम देवीको यादगार स्वरुप त्यस फाइलमा

राखेका थिए ।

राधा ! उनलाई हृदयदेखि नै माया गर्ने राधा ! जसलाई समयको हूँरीले विभिन्न बाध्यताहरूमा फसाउँदै उनको जीवनबाट धेरै टाढा पुऱ्याई सकेको छ । पछि यस्तै परिस्थितिको दास भएर उनले पनि सुशीला सङ्ग बिहे गरे तापनि राधालाई भुल्न सकेनन– त्यसैले सुशीलामित्रै राधालाई भेट्ने प्रयास गर्थे उनी । साँच्चै नै सुशीलाको स्निग्धतामित्र राधा थिइन्, उनको सौहार्द्रता भित्र राधाकी सौम्य छवि थियो । उनी सुशीलालाई आफ्नै राधा ठान्दथे र अगाध स्नेह पनि गर्थे । यही स्नेहवश उनले आफ्नो विगत जीवन र राधा सङ्ग गरेको निस्छल प्रेमबारे सुशीलालाई दुई चार पल्ट भन्ने प्रयास पनि गरेका थिए, तर कतै उनले गलत अर्थ पो लगाइ कि भन्ने आशकाले भनी हाल्न भने सकेका थिएनन् ।

'पक्का तिनको हातमा त्यही फाइल पऱ्यो होला सोच्दा सोच्दै उनी भित्रै देखि खप्प्रङ्ग भएर सुके । पुलिसले पक्रेर त के पो भएको थियो र तर अब सुशीला को पक्राईले केही बाँकी राख्ने छैन । उनले खुइय्य गरेर सोचे– 'हे भगवान् अब म सुशीलालाई के भनेर कसरी संझाउँ ? उनलाई कसरी यथार्थ कुरो बताउँ कि राधाको यो रुप मेरी सानिमाकी बुहारी हुनुभन्दा अघिको मात्रै हो भनेर । हे भगवान सुशीलाले मलाई के भन्लिन । यो के हुनु परेको नि, घुम्दै फिर्दै उनले पनि आफ्नो भाइ, बुहारी बन्नु परेको । अहं, यो त भएन यो थाहा पाउना साथ सुशीलाले राधाको र मेरो बर्तमान जीवनमै शंका गर्दिन होला ! हे भगवान मान्छे भावनामा अन्धो हुन्छ भन्ने कुरो हो रहेछ– तीं चिठी पत्रहरू पहिले नै च्यातिको भए कति राम्रो हुने रहेछ हेर त आज...'

यसरी विभिन्न कुराहरू सोच्दै, ज्यादै डराउँदै डराउँदै, पल्याक र पुलुक यता र उनी हेर्दै घरको छेउमा पुगे र बगैंचामा छेकिएर घरको चाल बुझ्न लागे । यसो परिस्थिति बुझ्दा घरमा कोही पनि फाल्तु मान्छे भए जस्तो लागेन, त्यसैले धड्किंदो हृदय लिएर आँगनमा पाइला टेक्न पुगे ।

"सुशीला" उनले डराई डराई आवाज दिए ।

"हजुर, म आएँ ।" सुशीलाले माथिबाटै जवाफ दिइन् र हतार हतार सिढी ओर्लन लागिन् । उनले सिढी ओर्लंदाका क्रमशः नजिकिंदै आइरहेको आवाजलाई उनले सिकुवामै उभिएर सुने । तल आइपुगेर सुशीलाले लाडिएर भनिन्– "छि हजुरले कति ढिलो गर्नु भएको ।"

"किन र के भो ?" उनले अत्तालिएर सोधे ।

"हजुरको अनुहार किन यसरी फुङ्ग उडेको नि ! कि सचो छैन ?" उनले योगप्रसादको अनुहारमा नजर गाडेर सोधिन् ।

'कहीं यो व्यंग्य त होइन ?' योगप्रसाद अझ हड्बडाए । फेरि तुरुन्तै केही संयमित हुने असफल प्रयास गर्दै सोधी हाले– "के भो ? किन भन्दिनौ ?" यसरी यो प्रश्न गर्दा उनका हातहरूले सुशीलालाई घचघच्याउन सम्म पुगेका थिए, उनका आँखाहरू एक प्रकारले धप्प बलेका थिए र कान कुनै पनि खतरनाक कुरो सुन्न पूर्ण सचेत थिए ।

"माथि अरु मान्छेहरू हुनुहुन्छ" उनले विस्तारै योगप्रसादको कानमा भनिन् र पल्याक् पुलुक् यता उता हेरेर कसैले पनि देखेको छैन भन्ने कुरामा ढुक्क भए पछि उनले भनिन्–

"गालो नगर्नुहोस् है" उनले लाडिएर योगप्रसादको काँधमा हात राखिन् ।

"आखिर कुरो के हो ? खै भनेको ?" अचानकै झर्को युक्त स्वर निस्कियो योगप्रसादको मुखबाट ।

कतै लोग्नेले गाली पो गर्ने हुन् कि भने झैं गरी डराउँदै सुशीलाले भनिन्– "माथि हेर्नोस्न दुवै जना माञ्जीहरू, ठूलिबौ र बहांकी नन्द चारै जना आएर बस्नु भएको छ । बहांहरू आजै विराटनगर फर्किने रे ।" योगप्रसादको हात समातेर अलि कुनातिर तान्दै पल्लो छेउमा लगेर फेरि उनले साउती गरेर भनिन्– "चाबीको झुत्तो रुमालमा गांठो पारेर कम्मरमा सिउरेकी थिएँ, इनारबाट पानी झिक्दा खै कसरी खुस्केछ र इनारभित्रै खस्यो । कांटा हालेर झिक्ने कति प्रयास गरे– निस्कदै निस्केन । यता आमाजूहरू भने मूल घरबाट खाना खाई ओरी विदावारी भैसकेर आउनु भएको रहेछ । ऐले हिंडिहाल्ने भरे । टाढाबाट आउनु भएकी चेली, केही नभए पनि बस भाडा सम्म त दिनै पर्यो । हेर्नोस् न, चाबी नभएर विदीहरूलाई चिया सम्म पनि खुवाउन पाएकी छैन .. खै: चाबी झिक्नुहोस् न बाँडो" उनले हतारिएर भनिन् ।

"जाबो यति कामका लागि मलाई यस्तो घमाघममा पनि अल्मल्याएकी ?" उनले पुरुषत्वमा पाइँन हाल्दै हकारेको स्वरमा भने ।

"विस्तारै बोल्नु होस् न" उनले अनुरोध गरिन्– दराजको एउटा चाबी हजुरले नै जनैमा बोक्नु भएको छ । अनि अरु कसैलाई पठाएर ल्याउने कुरै भएन । कि जनै खोलेर पठाइदिनु हुन्थ्यो लिन पठाएको भए ।" फेरि हांस्दै भनिन– "शायद जनै खोलेर भए पनि पठाइदिनु हुन्थ्यो होला, तर विदीहरूले के भन्नु हुन्थ्यो होला नि त्यसो गरेको भए ।"

सुशीलाबाट योगप्रसादले जे कुरा सुने, त्यसबाट अझै पनि उनको चित्त बुझिरहेको थिएन । उनी त निकै ठूलो, दरिलो, गहकिलो र खतरनाक कुरा सुन्ने सहने र भोग्ने क्षमता र आत्मबल आफूभित्र संग्रह गरेर आएका थिए ।

"युक्क । कति कुरा सोच्दै आएँ, केही न केही . बरु पुलिस नै आएको भए पनि हुन्थ्यो" उनले मनमनै सोचे अनि उनका पाइलाहरू स्वतः नै यन्त्र-चालित झैं घरको भन्याङ उक्लन लागे ।

✶

On the Auspicious Occasion of thc Birthday of

His Majesty the King

We offer our Warm Felicitation and Pray for
His Majesty's Long and Happy Life.

NAMASTE TRAVEL P. LTD.

MAITIGHAR KATHMANDU NEPAL
PO. BOX. 5566, 3313 TELEX 2478 WOCAB NP
TEL 215017, 212918, 225405

नयाँ बर्ष

– हाङ्ग्रोजा जबेगू

प्रत्येक दिनहरूले
निस्पट अंधेरी रातहरूलाई तोड्दै छ
प्रत्येक हिमगिरीहरूले
चाँदीको घुम्टो ओढ्दै छ
डिसेम्बर ढलेर जनवरी लाग्ने/एउटा सुनौलो बिहानीमा
नयाँ बर्ष मेरो आँखामा
दृष्टि भएर आएको छ
नयाँ बर्ष मेरो माकामा
वृष्टी भएर आएको छ ।
नयाँ बर्ष,
छरपस्ट छन मेरा खुशीहरू
खुशी ओंठमा आएको छ
प्रभात गोठमा आएको छ
हर्ष र विस्मात संग हातेमालो गर्दा गर्दै
डिसेम्बर थाहै नपाइ ढली गएछ
त्यसैले, एउटा उत्साहको कुम्लो बोकेर
नयाँ बर्ष बस्तीहरूमा आए छ
नयाँ बर्ष मस्तीहरूमा आए छ
डिसेम्बर ढलेर जनवरी लाग्ने/एउटा सुनौलो बिहानीमा
नयाँ बर्ष मेरो मन भरि आए छ

नयाँ बर्ष मेरो तनभरि आए छ
तर, बिवश छु ! खुशीहरू कस्ले लाने...?
कोशी बगरको बालुवा जस्तो खुशी
बिधुवाको सिउंदोको सिन्दुर जस्तो खुशी ।
नयाँ बर्ष,
खोइ ? नयाँ बर्ष आउंछ
थाहा पाउंदिन, तर पछि थाहा पाउंछु
भित्ताको क्यालेण्डर गायब भए पछि
त्यसैले, शोक मनाउन उभिएको म माझे
संवेदना प्रकट नगर्दै
यो डिसेम्बर जनवरीको संघारमा/थाहै नपाई आए छ
नयाँ बर्ष कर्ते
खुशी भएर ओंठहरूमा आए छ
नयाँ बर्ष कर्ते
नोट भएर कोटहरूमा आए छ
तर, मलाई खुशी लाग्दैन मनमित्र
किन कि . नयाँ बर्ष आए छ, थाहै नदिइ
बर्षको गणनामा एकमा एक थपेर दुइ मात्र भएछ
सम्झनै नपाई जीवनको सीमा रेखामा
केही अंश छोटयाई दिए छ

त्यसैले, नयाँ बर्ष संग
मुटुमित्र म दुखेको छु
एकपल्ट यो दुःखद घडीमा...
ओठभरि गुराँसको लाली पोतेर
हृदय भरि सुनाखरीको बिस्कुन सुकाएर
बादल माथिको एकटुक्रा जून जस्तै
म्यानो अभिवादन सहित
नयाँ बर्ष १९९२को
हार्दिक-हार्दिक शुभकामना ।

ललगाबजार पाँचथर

गीत

—पद्मा अर्याल

जून खस्यो आज हेर, तिम्रो नुहारमा
किन रुन्छ्यौ मन्दिरको शून्य दिवारमा ?
गाइदेउन मीठो गीत सुनौं एक फेर
मनहरूको ज्यालबाट हेर यति खेर !

बादलबाट आइ तिमीले चियाए झैं लाग्छ
फूलहरूले अधर छोपी लजाए झैं लाग्छ
भन किन मुटु भित्र बिझ्छ यस्तो काँटा ?
लाग्छ मलाई कतै तिमी हिडेछौं कि टाढा

सगरको तारा बीच कहिले विलाउँथ्यौ
चिसो-चिसो हिउँ भित्र कहिले निदाउँथ्यौ
खोज्दा-खोज्दै थाकिसकें छैन तिम्रो चित्र
आइदेऊन माया मेरो बस मुटु भित्र ।

+

स्वतन्त्र जीवन

—खिमानन्द पोखरेल

म पहाडी परिवेशमा हुर्केको मान्छे
मलाई पहाडकै उच्चारिला डाँडा काँडा र भिरपाखाहरू
मन पर्छ
असार मासको झरिमा गाउँ वेसी गर्दा
दैनिक जीवनलाई चाहिने घास पिठ्यूँमा बोकेर
उकाली ओराली गरिरहेको जीवन बिताउन मन पर्छ
मेरा छिमेकीहरूले जस्तै रात बिताउनलाई
एउटा मैलो गह्राउने च्यादर र
आधारुवा बाहिर निस्किराखेको पातलो सिरक
त्यसैमा गुटमुटिएर रात बिताउन मन पर्छ
म त्यसै भित्र बिलिन भएता पनि
मेरा चाहानाहरूले धर्ति संग टक्कर लिन खोज्छन
चाहनाहरूले धर्तिलाई सित युद्ध बनाउन हेर्न
कर्म युद्ध बनाउन खोज्छन र
युद्ध संग भिड्न तैयार हुन्छन
युद्धलाई कहिले म जित्छु
कहिले ऊबाट नै पराजीत हुन्छु
तर मायाका पलहरू छोटा र थोरै हुन्छन्
जो गरुङ्गो भारी बोकेका खुट्टा झैं लरखराउन सक्छन
तर अब म यो सबबाट टाढा रहने प्रयासमा
तिमीलाई पछाडी फर्केर हेर्न समेत मन लाग्दैन
मेरो शीरमा रहेको बोझ बिस्तारै पन्छिदैछ
अब जीवन पिञ्जडा बाट मुक्त भएको सुगा झैं भएको छ
त्यसैले अब मान्छेले मान्छे भएर बाँच्ने जिन्दगी चाहा
भएको छ ।

+

परिणति

–रामप्रसाद पन्त

जीर्ण शीर्ण भएको एउटा पाटी । जसको छानाको एक पाखा भत्केको छ र पछाडी पट्टिको पर्खालको एक भाग समेत भत्केर खण्डहर जस्तो देखिएको छ । माघ महिनाको पहिलो हप्ता काठमाण्डौ खाल्डोलाई कुइरोले ढाकेको थियो । अझ बिहानी पखको चौसो हावाले त मुटुनै कमाई दिन्थ्यो । तैपनि मान्छे आ-आपनो काममा बरपर गरिरहेको थिए । बाटै छेउको त्यो पाटीमा एकजना मान्छे फाटेको पुरानो पाखी ओढेर सुती रहेको थियो । पाटीमा मान्छे सुत्नु कुनै आश्चर्य जनक कुरा होईन । दिनभरी बाटा घाटा मागेर पथिकहरूलाई सताउनेहरू रात परेपछि कहाँ जाउन– यस्तै सत्तल, पाटी पौवाहरूको सहारा नलिएर ! त्यो पाटीको पुरा इतिहास कसैलाई थाहा छैन । मल्ल कालिन समयमा बनेको सो पाटीको निर्माणकर्ता को हो, कसलाई के थाहा ! अनुसन्धान कर्ता तथा पुरातत्व वेत्ताहरूले त्यति सम्म पत्ता लगाई दिए- यो मल्लकालिन समयमा बनेको हो बस...। अब त्यसलाई स्याहार सम्भार र मरमत गर्ने कसलाई के चासो ! सबै आ-आपनो स्वार्थले अभिप्रेरित छन् । सबै आ-आपनो धुनमा लागेका छन्, कसैलाई फुर्सद छैन । सरकारको दृष्टि त पुग्ने सवदैन ।

जे होस् त्यो पाटी अझ पनि अवशेषको रुपमा अवस्थित छ र त्यो पाटी प्रायशः कुनै रात खाली रहंदैन । त्यस्तै मरणान्त अवस्थामा भएर पनि आपनो अन्तिम घडीसम्म कसैलाई न कसैलाई सहारा दिंदै आई रहेकोछ त्यो पाटीले ।

बाटो हिंडने बटुवालाई त के थाहा, कुन मान्छे कति समय सम्म त्यो पाटीमा बस्यो वा सुत्यो भन्ने कुरा । तर नजिकै घर हुनेले चासो राख्यो वा ध्यान दियो भने अवश्य थाहा हुन्छ– त्यहाँ कुनवेला देखि कुन-वेला सम्म कति मान्छे बसे वा कुन रात कतिजनाले त्यो पाटीको आश्रयलिए ।

त्यो पाटीको ठिक अगाडि घर हुने एकजना पूर्णमायाले घरमा कुरा गरिन्- त्यो मान्ने कुन चाँही रहेछ– यसरी घाम लागि सक्दा पनि पाटी छाडेर घामतिर जाने मन गरि रहेको छैन । यस्तो कठघांग्रीने जाडोमा खाली एउटा पाखीको भरमा त्यो भूईमा कति निदाइ रहेको होला । "जा त नानी हेरेर आ... त्यो उही जगल्टे त होईन, बिरामी थियो बिचरा बल्ल तल्ल हिडथ्यो हिजो आज देखिएको पनि छैन...कतै... !,, उनीले नानी छोरी (नातिनी) लाई अह्राईन ।

नानी छोरी, तुरुन्त नै हुडबडाउदै फर्केर आई– हजुर आमा ! हजुर आमा !! मान्छेत उही जगल्टे हो उंधो मुन्टो लगाएर कुकुक परेको छ, चल्ने छटपटाउने केही पनि गर्दैन, मलाई त डर लाग्यो, मरेको पो हो कि !''

नानी छोरीले हल्ला फिजाई, पूर्ण माया आफै गएर हेरिन, मान्छेहरू एकाएक थुप्रिए, विचरा जगल्टे मरेछ ! त्यहाँ उसको मृत्युमा दुःख मान्ने मान्छे कोही थिएन, रुने मान्छे कोही थिएन । आफन्त भन्ने कोही थिएन, सबै रमिते । विचराको जे उने थियो सो भयो एक्लै आएको थियो, एक्लै गयो विगत दश बाह्र वर्ष देखि उसले यस्तै एक्लो जीवन बिताएको एक्लै थियो । मान्ने भएर पनि विचराले कसैको बिगो नोक्सान गरेन, दिए खान्थ्यो नदिए चुपचाप बस्थ्यो । कठै विचरा ! मरेछ, परमधाम पाओस् ।

तर त्यसको त्यो मृत शरीरलाई कसले जिम्मा लिने, कसले सद्गत गर्ने, त्यतातिर कसैले पनि सोचेन । मान्छेहरू आए तमासा हेरे, आफ्नो बाटो लागे । यसरी बटुवाहरूको आउने जानेक्रम घण्टौं चलिरह्यो– 'के भएछ ! ए ..विचरा मान्ने मरेछ । उसको आत्माले शान्ति पाओस् ।'

एक छेउमा उभिएर पूर्णमाया आंशु पुछ्दै करुणापूर्ण दृष्टिले हेरी रहेकी थिइन– मान्छे स्वार्थी नहो, आफूलाई पूर्ण भए कस्ले कससाई हेर्छ र ! आफू सुखी भए कस्ले कसलाई सोध्छ र ! आफन्तहरू पनि त आफना हात खुट्टा दह्रा छंदा सम्मका हुन्छन । नसक्ने भएपछि छोरा छोरीले बाउ आमालाई हेप्छन, जीवनमा एक अर्काका परिपूरक अङ्ग मानिने लोग्ने र स्वास्नी का बीचमा कटुता र वैमनश्यता उत्पन्न हुन्छ । चाहिने नचाहिने कुराहरू, भए नभएका गल्ती र अपजसहरू आइ लाग्छन् । सबै सहनु पर्छ । सबै भोग्नु पर्छ यस्तै छ संसारको चलन ।

पूर्णमायाको आत्मीय भावलाई देखेर केही दर्शकहरूले प्रश्न गरे– के यसलाई तपाईंले चिन्नु हुन्छ, के यो तपाईंको कोही पर्छ !

पूर्णमायाले भनिन– चिन्छु, यो परमेश्वरको सन्तान हो र हामी जस्तै मान्छे हो, अनि यो नेपालीको छोरो भएकोले हाम्रो दाजुभाई पनि हो । तपाई हामी सबैको दाजुभाई हो, यसको अन्तिम संस्कार हामीले गर्नु पर्छ । दाजु भाई भएको अविभारा चुकाउनु पर्छ ।

पूर्णमायाको भावुकतालाई कसैले बुझन सकेनन् । उनको कुरालाई उपेक्षा भावमा उडाई दिए ।

पूर्णमायाले अलि चर्को स्वरमा कराईन– के तपाईहरूले बुझ्नु भएन, यो हामीहरूकै मान्छे हो भन्ने कुरा ! कस्को नियतिमा के लेखिएको छ, के तपाईहरू आफ्नै बारेमा पनि केही बताउन सक्नु हुन्छ ! यसलाई के नपुग्दो थियो ! के यसरी नै मर्नु पर्ने मान्छे हो यो ! यसमाथि कतिठूलो अन्याय भएको छ के थाहा छ तपाईहरूलाई ! राजाको दैलो अगाडि यसले, न्याय पाउन सकेन र बोलायो–के बुझ्नु भएको छ तपाईहरूले! आफ्नो सम्पत्तिको स्वाधिकार पाउन नसकेर भिखारी भयो– के जान्नु भएको छ तपाईहरूले !

'थाहा छैन बूढि आमा ! हामीहरूलाई केही थाहा छैन ।

'फेरि किन हावामा उडाई दिनु हुन्छ त मेरो कुरालाई !'

'पूर्णमायाले पुनः दुई थोपा आंशु पुछेर भनिन– के सुन्न चाहनु हुन्छ, यो जगल्टेको कथा ! के बुझन चाहनु हुन्छ यो भिखारीको व्यथा !'

'भन्नुस भन्नुस ।,

'त्यसो भए सुन्नुस–

खतम पारी त्यस दुर्जनले यसको जीवनलाई। अनि बरबाद पारी आफ्नो जीवनलाई पनि। ठूला बडाको छोरी भनेर के गर्नु! मान्छेको अन्तर्मन बुझ्न नसकेपछि। दाम्पत्य जीवन किन जोड्नु बम्पतीको वास्तविक अर्थ बुझ्न नसकेपछि।'

'हैन आमा! के यसकी स्वास्नी पनि छ!'

'स्वास्नी भएको भए यसको यही हालत हुन्थ्यो! यसरी कुकुर सरह पर्नु पर्थ्यो! थिई, तर अहिले छैन। अहिले त उ मानव चोला बदलेर राक्षसी भैसकेकी छ र छ यसै संसारमा। अब उसले पश्चाताप गर्दै होली आफ्नो दुश्कर्मको/अनि गल्ती महसुश गर्दै होली भैले मानवीय धर्मलाई नबुझेर दानवीय धर्म अंगाले भनेर।'

'तपाई चिन्नु हुन्छ उसलाई.....,

'चिन्दिन, चिन्नु आवश्यक पनि छैन त्यो हत्याकारिणीलाई।'

'कस्ले सुनायो यो सबै कुरा तपाईलाई!'

'यही जगल्टेले सुनाउने गर्थ्यो।'

'अरू के, के भन्थ्यो!'

'भूपेन्द्र खनाल एउटा प्राइभेट फर्ममा जागिरे थियो। उसको आजभन्दा पन्ध्र वर्ष पहिले एक हजार तलब थियो। उसकी स्वास्नी एकजना धनवानकी छोरी थिइ। उसले भूपेन्द्रलाई बेला बेलामा कच कच गरेर हैरान पार्थी। उसको त्यो तलबले दुई जनालाई खान लाउन पनि मुश्किल पर्थ्यो। स्वास्नी ज्यादै खर्चालु र श्रृङ्गार पटारकी सौखिन भएकीले उसको आधा तलब यस्तै बाह्य खर्चमा सकिन्थ्यो। अनि माइतीको धाक लगाएर भन्ने गर्थी- नामर्द! दुई जनाको बन्दोबस्त पनि गर्न नसक्ने यस्ताले पनि किन बिहा गर्नु र स्वास्नी राख्नु!'

'उसको भड्किलो पोशाक, चम्किलो चेहरा र स्वतन्त्रगमनले अनैतिकतालाई आह्वान गरिरहेको थियो। भूपेन्द्र कार्यालय गएको मौका पारेर निडर भै उसले परपुरुषसंग विशेष सम्पर्क राख्न थाली अनि दाम्पत्य सम्बन्धबाट विमुक्त हुने चाल रच्न थाली। कति पटक उसको दुश्चरित्रतालाई भूपेन्द्रले आफ्नै आंखाले देख्यो पनि। तर त्यसबाट उसलाई कुनै प्रभाव परेन। भूपेन्द्रले देखाएको सतर्कता अनि सुझाव र सल्लाहमाथि उसले उल्टै चेतावनी दिई– यो मेरो स्वतन्त्रता हो, तिमी मेरो चालचलन मन पराउनौ भने आफू चाहेको गर्न सक्छौ।

गलत बाटोतिर उन्मुख भैरहेकी आफ्नी अर्धाङ्गिनीलाई सुमार्गतिर लगाउने प्रयास गर्दा उसैबाट भएका कटु एवं मर्मघाती वचनले भूपेन्द्रको मन छिया छिया भयो। यस्ता कुराहरू लाई लम्ब्याउनु र फैलाउनु मा कुनै बुद्धिमानी नदेखेर आफ्नो इज्जत र मर्यादालाई ध्यानमा राखी भूपेन्द्र चुप लागि रह्यो। तर त्यसरी दिन प्रतिदिन बढ्दो परत्र सम्बन्धको तमासा हेरेर बस्न उसको मनले मानेन। उसले आफ्नो मानसिक व्यथालाई सन्तुलन गर्न नशालु पदार्थ सेवन गर्न थाल्यो। यो क्रमलाई उसले बन्द गर्न वा नियन्त्रणमा राख्न सकेन। दिनानुदिन बढ्दै गैरहेको नशाको उग्र सेवनले उसको सुन्दर शरीर कुरुप हुंदै गयो। अततः उसले कार्यालयको समयमा पनि मदिरा सेवन नगरी बस्न सकेन। काममा लापरवाहि हुन थाल्यो। बारंबार चेतावनी दिंदा पनि कार्यालयको नियम उल्लघन गरे पछि उसलाई जागिर बाट बर्खास्त गरियो। त्यस पछित उसको स्थिति झन जटील र भयानक हुंदै गयो। उसले घर पनि त्यागि दियो र बोलाहा जस्तो भै सडक

रछयान र गल्लीमा सुतेर कुकुरको जस्तो जीवन बिताउन थाल्यो ।' यति भनेर पूर्णमाया चुप लागिन् ।

श्रोता मध्ये एकजना सशंक भै प्रश्नयाउने आग्रह गरे–

'के भन्नु भएको आमा तपाईले ! जगल्टेको कुरा उठाएर कहांको कस्को कथा सुनाउनु भयो !'

'यो त्यही मान्छे हो बाबु भूपेन्द्र । हामीले राखी दिएको नाम पो जगल्टे ।'

'तपाईले कसरी थाहा पाउनु भयो, कस्ले भन्यो जगल्टेको यो सबै कथा ।'

'यसले आफै भन्यो– प्रथम अवस्थामा ।'

'अनि यसको स्वास्नी अहिले कहां छ र के गर्दै छ त !'

'मैले सुनेकी छु– उ दोस्रो लोग्नेबाट त्यागिएर आफ्नो स्वामित्वमा भएको सम्पत्ति पनि खाई सकेर माइतीको सहारा लिएकी थिईरे ! त्यहां बस्दा उसले एउटा अफिसमा अस्थायी जागिर पनि खान्यो रे ! बाबु आमाको मृत्युपछि बाजु भाउजुको हप्कीमा बस्न नसकेर उसले बाहिरै डेरा गरी बस्न थाली रे ! कुभि के भएर हो उ अफिसबाट पनि निकालिइरे ! त्यसपछि उसले मलाई जागिर देउ, खानदेउ, भन्दै हिड्ने पनि गर्थी रे ! फेरि उसले जागिर पाई पाइन, अहिले उ कहां छ, के गर्दछ, मलाई थाहा छैन । ★

प्रतीक्षा

– रामहरि बञ्जारा

पर्खी बसेको थें तिम्रै तस्वीर हेर्न,
तर घडी घुमीरह्यो
मैले उसलाई हेरिनै रहें
उसले मलाई गिज्याउन थाल्यो
मलाई कसैले गिज्याएको मन पर्दैन
म लाजले घडीका सुइरा सङ्गै
धेरै पानी पानी हुंदै सर्माउदै
केहीबेर जिस्केर आफूलाई बिर्सदै
टोल्हाउन थालें
तैपनि तिम्रो आगमन होला कि
भन्ने आशाको माला गुज्दै रहें
तर घडीले त्यो शुभमाला
मलाई पहिऱ्याउन मानेन
म जुर्मुराउदै झस्कन थालें
र यतिखेर मात्र मलाई होस आयो
तिमीले त मलाई बिर्सी पो सकेका रहेछौ
केवल मात्र म तिम्रो प्रतीक्षा गर्दै रहेछु ।

काम्रे, पनौती
हाल, काठमाडौं

–✱–

एकादेशमा

—मिकिरो खासाकी

जौ
थालमा एक दाना जौ
यो पनि जौ
रुमालमा टाँसिएको एक दाना जौ ।
केही जौ
राती मान्सामा
जौका रोटी र जाँड ।
तिमी बाहेक म केही देखिरहेको छैन
सडकमा कत्रो आँधीबेरी !
तारामण्डल आकासपुरी हावा
माग्यसित घोलिएको छ
संधै जौ बारीमा ब्वाँसो खेलेको
सपना देखेको छु ।
यो एकादेशको कुरा हो ।
कोठाको ऐनामा
संधै एउटी महिला;
उनको पृष्ठभूमिमा
कार्यरत किसानहरू ।
नलको ठोसामा हिँडिरहेको कोही
म हुन सक्छु, पारदर्शी ।
बर्बारम्ममा
माटोमा बलिरहेको
जेनीको टाउकोको एउटा
राम्रो रौं हुन मनलाग्छ मलाई ।
मेरो रगत उम्ली रहेछ
म, म मन्छु र
टाढा आफुलाई बोलाउछ ।
यहाँ आऊ !
जौ बारी हरियो छ ।
तिम्रो सम्झना
आकाशमा पौडिरहेछ ।
औलाहरू बालेर
डढेलो लाइदिन्छु सम्झना
टाढाको स्वरमा हराएर
शून्य शून्य बस्छु ।

अनुवादक— क्षेत्रप्रताप अधिकारी

– आनन्द मात्रै एउटा बस्तो बस्तु हो जो तपाई संग नभए पनि अकेलाई सकिलैसग दिन सक्नु हुन्छ ।
– क्याम्बेल किल्ला

विपन्नताको भुँवरीमा सम्पन्नता

–डा. मथुरा के. सी.

सम्पन्नताको वरिपरि विपन्नता पनि घुमी रहेको हुन्छ । अर्को शब्दमा भनौं विपन्नताको संरक्षणमा सम्पन्नता फष्टाएको हुन्छ । यदि विपन्नता नहुँदो हो त सायद सम्पन्नतालाई परिभाषित गर्न बडो मुश्किल पर्थ्यो होला ।

हामीहरूले देख्दै आएका छौं– आजको युगमा एक व्यक्तिलाई सम्पन्न बन्न, अर्को व्यक्तिलाई विपन्नता को खाडलमा घचेटनु पर्दछ । त्यस्तै नै एक देशलाई सम्पन्नता हासिल गर्न अर्को देशलाई विपन्नताको सागर मा धकेल्नु पर्दछ । चाहे त्यो देश निकटवर्ती छिमेकी देश हो । अथवा समुद्र पाटोकै देश किन नहोस । आफ्नै मेहनत, सद्भावना, सदाचार परिश्रम, लगनशीलता, अनुशासन र अन्य मानव मूल्यहरूको कदर गरेर वैभव-शाली बन्ने देशहरू पनि नभएका होइनन, तर ती जति कम छन या नगन्य छन । राजनैतिक अथवा कुटनैतिक दाउपेचको माध्यम द्वारा, गैह्र कानूनी गति विधीहरू चली रहेकै छन जस्ले आफ्नै मात्रै सम्पन्न अवस्था कायम गर्न टेवा पुऱ्याइ रहेको हुन्छ ।

तर प्रकृतिको नियम भन्ने हो या नियतीको लेखा, देश अथवा व्यक्ति जतिनै सम्पन्न शाली भए तापनि विपन्नतावाट शत प्रतिशत मुक्त हुदो रहनेछ । पनि तथा वैभवशाली देशहरूमा पनि यसो नियालेर हेर्ने हो भने यस्ता कुना काप्चाहरू फेला पर्छन जहाँ गरिबी, अभाव र विपन्नताको प्राचुर्य विद्यमान छ ।

इस्लामिक गणतन्त्र ईरान पनि एशियाली राष्ट्रहरूमध्ये संपन्न शाली राष्ट्र हो । फारसी सभ्यता र साम्राज्य अनि हिन्द–पाक उपमहाद्विपमा यस सभ्यताको प्रभाव हामी अझै पनि जिउँदो पाउँछौं । भारत, पाकिस्तान र बाँङ्लादेशमा मात्र होइन, यहाँ सम्मकी हिमाली राज्य नेपाल मा पनि फारसी सभ्यता र संस्कृतिको ठूलो प्रभाव पाइन्छ । नेपाली साहित्य र नेपालको अदालती कानून संबन्धी शब्दावलीहरूमा फारसी शब्दहरू अझै पनि भेटिन्छन । शाह, कानून, खरिदार, अतिशखान, सरदार, रसिद, बक्सपत्र, तहबिल्दार, हवल्दार, सरोकार, सरदार, सरम सरपोस, सरनाम, सङ्ग मरमर आदि फार्सीबाट आएका शब्दहरू हुन र प्रचलनमा छन । पक्षबाट फारसी सभ्यताको प्रभाव कतिको रहेछ भन्ने कुराको अनुमान लगाउन हामीलाई गाह्रो पर्दैन ।

रेजा पहल्वी शाहीन शाहको पालामा यस देशले ठूलो आर्थिक तरक्की गर्न सफल भएको थियो । भवनहरू बने, सडकहरूको निर्माण भयो र शहरहरूको

विस्तार बसरी भयोकि इरानलाई शहरै शहरको देश पनि भनिथ्यो । शहरहरूमा गगन चुम्बी भवनहरू, ठूल ठूला अस्पतालहरू, विश्व विद्यालयहरू र प्रशस्त कल कारखानाहरूको स्थापना भयो । इरान इराक युद्ध काललाई छाडेर, निर्माण र विकासको काम जस्ति नै छ तैपनि कुनै कुनै प्रान्त खास गरि सिस्तान बेलुचिस्तान र हमेजगान प्रान्तका दूरवर्ती गाउँहरू यस्ता पनि छन जहाँ अझै हजारौं हजार मान्छेहरूले गरिबीको रेखा मन्दा धेरै मुनिको जीवन स्तर यापन गरी रहेका छन । उदाहरणको लागि मिनाब शहर देखि १२० कीलो मिटर पूर्वको बशाकर्द भन्ने ठाउँलाई लिउ । यस ठाउँमा सडकहरू छैनन, पानी वितरणको व्यवस्था छैन । स्कूलहरू छैनन जनता अशिक्षित छन । अस्पताल र औषधि खाना यहा सम्मको सुइ दिन सक्ने स्तरको स्वास्थ्य कार्यकर्ता पनि पाइन्न । यहाँ सिंचाईको व्यवस्था छैन खेती राम्रो हुँदैन पिउने पानीको लागी माइलौं परको कुवा र नदि धाउनु पर्दछ । झुप्रा झुप्रीहरूमा जनता जीवन निर्वाह गर्छन । गाई वस्तुहरू अलि अलि छन तो पनि ब्रुसेल्लोसिस रोगद्वारा पिडीत छन र त्यस रोगले जनतालाई पनि प्रसित तुल्याएको छ । क्षय रोग, टाइ-फायड, महा रोग, ब्रुसेल्लोसिस, र अपोष्टीकताको फलस्वरूप हुने रोगहरू प्रशस्त छन । कुनै व्यक्ति गंभिर रूपले बिरामी भइ हाल्यो भने अस्पताल लैजान हजारौं को रकम खर्च गरि मिनाब ल्याउनु पर्दछ ।

अज्ञान, गरिबी र अभावको शिकार बिचरा जनताहरू अति रुढिवादी विचारधारा राख्दछन र अन्ध विश्वासी छन । पेट दुख्यो भने त्यो दुखाइ, एपेन्डी-साइटीस कोले सीस्टाइटिस वा सीकेल सेल क्राइसिस या अर्थाइटिस, दुखे ठाउँमा तातो फलामले डाम्ने गर्दछन । यसो गरे पछि रोग उत्पन्न गर्ने भूत प्रेत र परजीवी आत्मा बिरामी शरीरबाट मुक्त हुन्छ भन्ने आम धारणा यिनीहरूमा छ । मिनाब शहर अवस्थित अस्पतालमा ल्याइएका बिरामीहरूलाई हेर्न हो भने, तातो फलामले डामी निधार, पेट र आंग मा बनाइएका दाग (डाम)हरू भेटिन्छन । यस्को साथै स्थानिय हाकिम (वैद्यहरू) द्वारा औषधी उपचार गरेर अस्पताल ल्याइ पुऱ्याउँदा निकै ढिलो भइ सकेको हुन्छ र रोगीहरू मरणान्त अवस्थामा पुगी सकेका हुन्छन ।

कुनै कुनै बिरामीहरूलाई उनीहरूले भेंडा र पुमेहरू काटेर छाला झिकी तातो तातो छाला भित्र लपेट्ने गर्दछन । त्यसपछि पसीना आउँछ रे भनि पसीना बाट रोग उत्पन्न गर्ने दुषित पदार्थ बाहिर निस्कन्छ रे भन्ने मुल धारणा राख्ने अधबैंशे, वयस्क र प्रौढ आईमाइ लोग्ने मान्छेहरू पनि प्रशस्त भेटिन्छन ।

अन्ध विश्वासले भरिएका उपरोक्त घटनाहरू प्रत्यक्ष आँखाले देख्न पाउदा, नेपालका गाउँ पाका यहाँ सम्मको राजधानी काठमाडूका प्रशस्त परिवारहरूमा विद्यमान, लामा, झाँक्री, बोक्सी र भूत प्रेत प्रतिको अन्ध विश्वास र मूल धारणाको झल-झली याद आउँछ । पँदेराको नाग बूढो सीमलको फेदको काली भूत, देउराली की देवी र बिसुन कांटे बाजे बज्यै लागेको र छलेको तथा त्यसपछि बिरामी भइ लामा झाँक्रीहरूले अक्षता हेरी के लागेको खुटघाइ, कुखुरा, बाख्रा, हांस परेवा र रांगा तथा बनेल आदि-आकल गरि चढाएको नेपालका कुना काप्चाहरूमा अझै पनि प्रशस्त भेटिन्छन । लामाहरू द्वारा झाँक्री बसी बिरामीहरूलाई आगोमा पोल्ने र डाम्ने प्रक्रियाहरू नेपालका गाउँहरूमा जस्तै इरानका पिछडिएका गाउँहरूमा पनि रहेछन । उपरोक्त घटनाहरूबाट कतै फारसी भाषाको शब्दहरू नेपाली भाषामा पसे जस्तै बिरामीलाई डाम्ने र भेंडा बाख्रा

काटने चलन इरानको पुरानो संस्कृतिबाट उछिट्टिएर नेपालमा आएको त होइन ? भन्ने आशंका गर्न सकिन्छ ।

रातोमा कुचो लाउनु हुँदैन भन्ने चलन नेपालमा जस्तै इरानमा पनि छ । कतै हिडन लाग्दा छिउकी आयो भने साइत नपर्ला भन्ने डर ले केही क्षण पुनः बसी हिडने चलन नेपालमा जस्तै यहाँ पनि छ । तर गजबको कुरा त के छ भने नेपालमा जस्तै कतै प्रस्थान गर्न लाग्दा कालो बिरालोले बाटो काटयो भने साइत पर्दैन भन्ने चलन इरान मा छैन । इरानी मुस्लीमहरूले कुकुर पाल्न रामो मान्दैनन र प्रायः सबै घरहरूमा बिरालो हुन्छ र अस्पताल, आवास गृह, अतिथि भवन-हरूमा प्रशस्त बिरालाहरू हुन्छन । त्यस कारण बाहिर निस्किदा बिरालोले बाटो नकाटने दिन हुँदैन । कहिले सेतो बिरालोले बाटो काट्छ त कहिले कालो त कहीले टाटे पाटे र कहिले छिर्के मिर्केले यस्लाई अशुभ मानिदैन । यदि नेपालको जस्तै धारणा राखे नेपालीले इरानमा जिन्दगी बिताउँछ भने उ घर बाट बाहिर नस्किए पनि हुन्छ । या निस्किनै पर्यो भने कालो पट्टि बाँधेर एक पथ प्रदर्शक लिई घर बाट बाहिर निस्किनु पर्दछ ।

यस लेखको यहाँ सम्म आइ पुग्दा यता उता विषयहरू बंग्याउनु परे पनि, यस लेखको मुख्य तात्पर्य यहीं हो कि देश जति सुकै धनि र सम्पन्नशाली किन नहोस, सुविधाहरूको समूचित वितरण भएको हुँदैन । धनिहरू धनि भइरहेका छन भने गरीबहरू झन झन गरीब हुँदै गइरहेका छन । उदाहरणको लागी इरानको दक्षिणी प्रान्त मा अवस्थित मिनाब शहर कति सुन्दर छ ! विश्वमा दोश्रो सबभन्दा ठूलो छोहोरा (खजुर) को बगैंचा यहाँ छ । माइलौ माइलसम्म आँप, कागती र मौसमका बगैंचाहरू छन । फराक सडकहरू छन । दक्षिणमा फारसको खाडी र ओमन खाडीले घेरिएको यस भूभाग अति उर्वरापूर्ण छ र मिनाब बाँध पनि यति ठूलो छ कि यहाँका सयौं बगैंमिलका बाग-बगैंचाहरूको सिञ्चन पुऱ्याइ यहाँ देखि ११५ किलो-मिटर पश्चिम अवस्थित बंदर अब्बास शहरलाई सफा खाने पानी र सफाइको लागी पानी उपलब्ध गर्न सक्षम छ । यहाँ अस्पताल छ, अनेकौं स्वास्थ्य केन्द्रहरू छन, महा विद्यालयहरू छन र कल कारखानाहरू पनि निकै नै छन । शहरवासीहरूको ठूलो संख्या शिक्षित छन र आधुनिक विकासका सबै सुविधाहरू भोगी रहेका छन । तर यहाँ देखि करिब १२० किलोमिटर पूर्वको बशाकार्द भन्ने इलाकाको त्यो दयनीय अवस्था हेर्दा कस्को मनमा दुःख नलाग्ला ? अवश्य नै अति आवश्यक आधारभूत आवश्यकताहरू पनि त्यहाँ उपलब्ध छैनन । यस्ता गाउँ पाखाहरू नेपालमा पनि छन जो अति नै पिछडिएका छन् ।

यस किसिमका पिछडिएका क्षेत्रहरूको विकासको लागी सरकारले प्राथमिकताको आधारमा योजनाहरू बनाउन सक्नु पर्दछ । बस्ने घर, सफा पिउने पानी, भोजन, शिक्षा, औषधी उपचार र यातायातको व्यवस्था भएमा यी भू-भागका जनताहरूले पनि अन्ध विश्वास र अवनतिको पर्दा तोडेर आधुनिक युगको उज्यालो तिर लम्किन सक्षम हुने छन् ।

✶ इरान

– यौवन एउटा फूल हो, जवानी संघर्ष हो र बुढयौली पश्चात्ताप

डिजरायली

मेरो कलम विवशतामा रोइरहेछ

रमेश खड्का (विजय आक्षित)

युगौंदेखि पीडाको चित्कारमा रहेर पनि
ओठका दरिला विश्वासहरू भने
नयनमा वीरताका साहश लिई हिडने गर्दछन् ।
शक्तिशाली हुरीको रुप लिएर
मूल्यवान जीवनका अस्थिपंजरहरू
देश र जनताका खातिर लडने गर्दछन
यस्तो चित्कार गुनगुनाउनु पर्दा
मेरो कलम त्यसै त्यसै रोइरहेछ ।

चिसो हिउंका श्रेयहरूमा रगतको लालकहानीले
ब्युंझन्छन जोश जांगर लिई वीर सपूतका महावाणीले
अंध्यारो निष्पट विद्यमान संगारहरूमा
विवेकशून्यताको कष्टप्रद उपहासमा
थुप्रै विद्यमान छन् चित्कारहरू
त्यही चित्कारको व्यथा लेख्दा
मेरो कलम त्यसै त्यसै रोइरहेछ ।

आँखीझ्यालबाट पर्दा खोली हेर त
सुसज्जीत हम्किरहेछन रंगीन झण्डाहरू
यस अन्धकार घुरीमित्र आगमन भए
डेमोक्रेसीका प्रज्वल नाराहरू !!

मैले सुन्ने गरेका दन्त्यकथाहरूमा,
राम पाण्डव जस्ता सत्कर्मीको
विजयाभिमान पाएको छु
साम्राज्यवादी अङग्रेजलाई हराउने
झाँसीकी रानी लक्ष्मीवाईको तथ्यकथा पढेको छु ।
तोवईल विश्वविख्यात सगरमाथा चढेको देखेको छु ।

हुरीका वेग झै वर्षका वारुदहरू बीच
अघि बढे ती हाम्रा वीर योद्धाहरू पनि
देशका ती निर्माताहरू-दुई थोपा रगत रहुञ्जेल
घन्काए जिन्दावाद र मुर्दावादका क्रान्तिकारी
नाराहरू
यस्ता चित्कार केलाउनु पर्दा
मेरो कलमले थप प्रण गरिरहेछ ।

ती पतिका पत्नीहरू जो आज विरहमा डुवेकाछन
ती योद्धाका शुभचिन्तकहरू जो आज पीडामा छन
तिनै दर्दका आर्तनाद कोर्दा
मेरो कलम शून्यतामा रोइरहेछ !

दोलखा

– जूवा लोभको छोरो, दुराचारको भाई र खराबीको बाबु हो । –वासिंटन

'यस्तो एउटा आकाश'लाई नियाल्दा

– सानुराजा श्रेष्ठ 'अञ्जान'

~ भागीरथी श्रेष्ठ नेपाली साहित्यकाशमा चर्चित एक नारी हस्ताक्षर हुन् । साहित्य क्षेत्रमा साधनारत सशक्त कथाकारका रुपमा स्थापित भैसकेकी भागीरथी श्रेष्ठको कलम कथा निबन्ध र उपन्यास-हरूमा उत्कृष्ट र आकर्षित ढंगबाट चलेको छ भन्दा अत्युक्ति नहोला ।

~ भागीरथी श्रेष्ठका मालती (उपन्यास) मोहदंश (कथा संग्रह) पश्चात 'यस्तो एउटा आकाश' (उपन्यास) केही समय अघि प्रकाशमा आएको थियो । उहांको यस नवीनतम उपन्यासमा-लेखिका-बाट एउटी अबोध नारीका निश्चल र पवित्र चरित्रका साथै पति भक्ति, लज्जालुपना र डर त्रासका घटनाक्रमहरूलाई चित्रण गरिएको छ ।

~ यस्तो एउटा आकाश एउटी विवाहिता नारी पात्र सुधाको सेरोफेरोमा अघि बढेको छ । नारी आफ्नो कर्तव्यपालनमा कतिसम्म समर्पित रहेर दाम्पत्य जीवन सफल बनाउन सक्छे भन्ने कुरालाई उदांग पारेर लेखिकाले नारी जाति-पुरुष जातिको लागि सृष्टिको सर्वोत्तम उत्कृष्ट उपहार हो भन्ने कुरा औंल्याउन खोजेकी छन् ।

~ उपन्यासको प्रथम अङ्कमा सुधाका पति सुमनको सूचना दिइएकोछ । भर्खरै चार महीनाको अवधिमा लोग्नेसङ्ग बिछुडिएर बसेकी सुधाले पतिका पत्र पाएर मनभरि लड्डु खेलाउदै गंगाजी नुहाउन जान्छे । बाटोभरि नै बचपनका हंसीठट्टा र दिनचर्याका सम्झनाहरूले गर्दा उसले आफू गंगाजी पुगेको नै थाहा पाउंदिन । यत्तिकैमा प्रथम अङ्क समाप्त हुन्छ ।

~ दोश्रो अङ्कमा सुधाकी मित्र रीताको आगमन भएको छ । अरु परिवारको चियो चर्चा नगरे सम्म खाएकै नपचने प्रवृत्ति भएकी साथी रीताको चरित्र र व्यवहारबाट चिरपरिचित भएकी सुधा पनि रीताबाट आफ्नो लोग्नेलाई लगाइएको दोश्रो आईमाईप्रतिको आसक्ति र सम्बन्धको आरोपबाट टाढिन सकेकी छैन । यसरी नारीका कमजोरी र त्रुटिहरू प्रष्ट्याउन सफल भएकी लेखिकाको यो एउटा सफल कृति मात्र सकिन्छ ।

~ प्रतिक्षित समयावधिमा पनि लोग्नेको अनागमनले गर्दा रीताका आरोपहरूप्रति सशंकित सुधा फनफनी रिङ्गछे तर पनि अग्नि साक्षी राखी गांसिएको

पतिप्रतिको संम्बन्ध र आस्थालाई मर्न नदिई सुधा अनास्था र अतिक्रमणका दीपहरू बालनबाट टाढै रहन्छे । जस्तै कठिन क्षणहरू आए पनि आफूलाई प्राणसरी प्रेम गर्ने लोग्नेप्रति जीवनका हरेक मोडहरूमा सुमन–सुमनकै नाम भजी विश्वासको माला चुड्न दिन्न सुधाले ।

~ केही पश्चिमेली भाषिक आंचलिकताको आभास भए पनि उपन्यासका अधिकांश भाग कवितामय भै चित्रित भएका छन् । ती परिच्छेदहरू हरफहरू हाम्रा स्मृतिपटलमा झल्झली आई नै रहन्छन । सुधा भाग्यमानी छे, उसले एउटी ममतामयी र बिवेकी सासु पाएकी छे ।

~ सुधा आफ्नो कोखको बच्चाप्रति वात्सल्य र ममता पोख्न उत्तिकै सिपालु छे भन्ने संकेत उपन्यासको तेस्रो अङ्कले दिन्छ । बगैंचामा फूल टिप्दा थुप्रै निर्दोष बालकहरूको घाँटी निमोठेको महसुश हुनु र भर्खरै जन्मेको पाडीलाई देखेर भोलो जन्मने आफ्नो बच्चाको सोचाई तथा आभास हुनुले उपन्यासकार भागीरथीबाट एउटी गर्भवती युवतीको मानसिकतामा के कस्ता विचारहरू युद्धस्तरमा स्वचालित हुन्छन् भन्ने तथ्यलाई शायद स्वअनुभवको कारणले बडो मार्मिक एव हृदयस्पर्शी तवरबाट व्यक्त गरिएको छ ।

~ हुन त सम्पूर्ण प्राणीहरूकै जीवन आधार पृथ्वी नै हुन । जसरी पृथ्वीका अङ्गहरुमा उतार चढाव र वनजङ्गल, पहाड मैदानहरूको आधिपत्य छ, त्यस्तै मानव जीवन पनि सम्प्रेषणीय र कटु सत्यमा आधारित छ । सुख दुःख आरोह अवरोहको अनवरत यात्राले मानिसहरूको रुने हाँस्ने लगायतका विभिन्न प्रक्रियाहरू सहज र सरल भएका छन् । सुमनको शंकास्पद व्यवहार र सुधाकै प्रत्यक्ष नजरबाट पनि सुधा जस्ती निर्दोष र अबोध पत्नीलाई कलुषित विचारधारा प्रति उन्मुख गराउने सुमन जस्ता पतिहरूले एउटी नारी मनलाई कति सम्म आघात पुऱ्याउँछ भने तथ्य सुधाकै कमजोर तर्कहरूबाटै प्रष्ट भएकोछ ।

~ पांचौं अङ्कको शुरुआत देखि दिदी भनाउँदी आरती र सुमनको शारीरिक सहवासको दृष्टिलाई सुधाले देख्छे– अनि उसले आफूमाथिका आत्मघाती घटनाहरूको सामना गर्दै जान्छे, तड्पिन्छे, छट्पटिन्छे । तर चोट खाएकी सिंहनी झैं पनि उसले आरती जस्ती नारी र सुमन जस्ता चरित्रहीन पतिलाई असल पथमा ल्याउन दृढ प्रतिज्ञ रहन्छे । सम्पूर्ण रातलाई उसले भनेको माङ्गलोमा निफन्दै केलाउँदै छलंग्याउछे ।

– विश्वासघातको नग्ने डसेको रात
  मायांको सिन्दुर पुछिएको रात
– सुधाको अहं र अस्मितामाथि बलात्कारित रात
  उसको सुनबुट्टे सपनाको अवसान भएको रात
– एउटा अनन्त वेदना भरिएको क्लान्त र चकित रात
  एउटा मानसिक कुरुक्षेत्र शुरु भएको रात ।

~ पथभ्रष्ट हुनु कुनै गल्ती होइन । यो त मानवीय स्वभाविक दुर्गुण हो । जसरी सुमन आरतीसँग दिदीको आवरण ओढेर शारीरिक भोग विलासको आपूर्ति गर्दै रहन्छ । त्यसैगरी आरती जस्ता चरित्रहीन नारीहरू पनि झन बलवान हुँदै जान्छन अन्ततः सुधा जस्ती शालीनमयी, चरित्रवान र पति परायणा नारीको अटुट संघर्षको फलस्वरुप सुमन सुधिन्छ र उपन्यासको अन्त्य हुन्छ ।

~ यसरी १ देखि १२ अंकसम्म विभाजित उपन्यास 'यस्तो एउटा आकाश' विविध चरित्रका पात्र हरूलाई समेटेर सुखान्त बनाइ समाप्त गरिएको छ । बोलीचालीको भाषाले सरल सहज र ठेट नेपाली शब्दहरूको प्रयोगले गर्दा उपन्यास जीवन्त बनेको छ । कथा तपाई हामी जीवनको भएतापनि आदर्श देखि लिएर यथार्थताको धरातलको यात्रा र नौलो प्रस्तुतिले गर्दा भागीरथीकै अन्य कृतिहरूको दाँजोमा मनन योग्य र स्तरीय भएको कुरालाई नकार्न सकिंदैन ।

*

गजल

–गोविन्द भण्डारी

तिम्रो परेलीमा मेरो ठाउँ रहेन,
तर पनि तिम्रो जीत कहाँ भयो र ?
तिमीले लेख्ने कविताको राग थिएँ म ।

गणित रहेन मेरो जिन्दगी भरि,
के हो तिम्रो गणितको सही उत्तर ?
त्यही गणितको गुणा भाग थिएँ म ।

मैले त आपनो व्यथा भुल्न सिक्या' छु
क्यै थिएन तिम्रो कथा भन्न मिल्छ र ?
ति ठूलो तपस्याको भाग थिएँ म ।

विनाशुल्क बेचिदिएँ मैले मलाई,
तिम्रो पनि मूल्य बढ्ने ठाउँ कहाँ छ ?
तिमीभित्र खिल हुँन खाग थिएँ म ।

टाढा निकै टाढा बसी सोधिरहेछु–
पछुतोमा आँत फेरि रूझ होला र ?
बोल तिम्रो निम्ति कहाँ दाग थिएँ म ?

मणिग्राम, रुपन्देही

दुई मुक्तक

केदार प्रसाद सुवेदी

माया लाएँ प्यार गरें
समयले हुत्यायोपर !
एकदिन त भेट होला ?
नविस याद गर ! !

फूल भनि टिप्न मखोज साथी त्यो
काँडा बीच फूलेको हुन्छ ।
धनी भनि प्यार गर्न नखोज साथी त्यो
पैसामा बिकेको हुन्छ ।

राम्चे धादिङ्ग
हाल– चावहील काठमाण्डो

*

'थाकेको जीवन'

रत्न थापा 'चिन्तक'

कति बिश्वासको लहरमा प्रतीक्षा गछु
बिश्वासै–बिश्वासले छोपिदिन्छ यहाँ,
कति श्रृंगारको भावनामा कल्पिन्छु
कल्पना–कल्पनै मात्र हुँदोरहेछ यहाँ ! !

कति सस्तो छ यहाँ माग्ने मनुष्यको
सस्तो–सस्तैमा बिकिएको छ यहाँ,
बुझ्दैन कसैले कसैको मनको
पतझड भई गईरहेको छ जीवन यहाँ !!

बुटवल–८

*

एड्स, केही जानकारी

–तारा कार्की

विश्वमा एक दिन त्यस्तो भयानक तनावपूर्ण स्थिति आउने छ । जसले यो मानव सभ्यता नै क्षेत बिक्षेत गरिदिनेछ । त्यो समय भोलिका सन्ततिका लागि हिटलरको युगमन्दा पनि अझ डरलाग्दो विभिषिकापूर्ण भएर पृथ्वीमा आँधी जस्तै भएर आउने छ । यस्तो युद्धको ज्वाला दन्किने छ कि त्यो बारुद र बमको आवाज हुनेछैन । त्यो अवश्य शीतयुद्ध भएर करोडौं मानिसहरूको जीवनलाई मृत्युको सिंहासनमा पुऱ्याउने छ । त्यो भयानक युद्धको नाम हो- एड्स

सन १९८१ मा मात्र पत्ता लागेको यो रोग आज संसारको १६२ मुलुकहरूमा फैलिसकेको छ । आज विश्वमा ३ लाख भन्दा बढी रोगीहरू छन भन्ने एक करोड भन्दा बढी शरीरमा एच. आइ. भी. बाट आक्रमण भएको अनुमान छ एड्स । अमेरिका र यूरोप र अफ्रिकामा बढी पाइएको छ ।

अब विस्तारै विस्तारै एशियाकै मुलुकहरूमा यो रोग देखा पर्दैछ । एशियामा, थाइल्याण्ड, भारत, श्रीलंका, हङकङ फिलिपिन्स र नेपालमा पनि एड्स रोगी फेला परेका छन् । यो एड्स एक आपसमा यौन सम्बन्ध, नशालु पदार्थको सेवन, सुइ सिरिञ्ज तथा एक अर्कामा रगत दिंदा सर्ने संभावना हुन्छ ।

रेट्रो भाइरस समूहका अति–सूक्ष्म कीटाणुबाट यो रोग हुन्छ । यी कीटाणुले मानव शरीरको रोगसँग लड्ने प्रतिरोध शक्तिलाई नष्ट गरिदिन्छ त्यसलाई Human Immuno-deficiency Vins वा छोटकरीमा एच आई भी (Hiv) भनिन्छ । हाम्रो शरीरको भित्र त्यो रोग प्रवेश गरे पछि सर्व प्रथम हाम्रो शरीर भित्र रहेको Macrophoge भन्ने जीवकोषले यस्ता कीटाणुहरूलाई मिलो मार्ने कोशिश गर्दछ त्यो भाइरसले शरीरको सर्व नशा नशा मा आफ्नो घर बनाएर रहेको हुन्छ । विस्तारै विस्तारै हाम्रो प्रतिरोध शक्ति क्षिण हुँदै जान्छ । यो कीटाणु मानिसको शरीरमा प्रवेश गर्ने बित्तिकै यस कीटाणुको RNA शरीरको जीवकोषको DNA मा मिल जान्छ र हाम्रो शरीरको जीवकोषको प्रत्येक पल्ट विभाजन हुँदा यस्को साथ साथै एड्सको कीटाणु पनि बिभाजन हुन्छ । यही प्रक्रियाबाट Aids को कीटाणुले जीवन भर मानव शरीरमा नोक्सान गरि रहन्छ ।

आज विश्व भरिमा सन्त्रास भय र कोलाहल, मच्चिएको छ । तमाम वैज्ञानिकहरू एड्स बारेमा खोज

तलास अनुसन्धान गरिरहेका छन् । एच. आई. भी भाइरस कसरी उत्पन्न भयो यसले मानव शरीरमा कसरी शंक्रामण गर्छ । यसबाट एड्स कसरी विकशित हुन्छ । यो कसरी सर्छ । अझ सम्म डाक्टरहरू विचार विमर्श गर्दै छन् । तर रोगको निदान गर्न असक्षम भएका छन् । अहिले सम्म एड्स रोगको औषधि पत्ता लाग्न सकेको छैन ।

विश्वको तथ्यांङ्क अनुसार एड्स रोगीको संख्या ३७१४०३ पुगेको छ भने एड्स रोगबाट संक्रमण भएका व्यक्ति झन्डै १ करोड पुग्न लागेका छन् । विश्व भरि दिनहूँ ५००० जति व्यक्ति यस रोगबाट संक्रमण भएका हुन्छन् । यो रोग विषाणु एच. आई. भी. अर्थात ह्यूरन इम्मुनोडिफिसिन्सी भाइरस बाट सर्छ । यो खतरायुक्त विस्मयकारी हुन्छ । यो बढ्दै बढ्दै जान्छ, यसको प्रचार गति हामीले जे जति बन्देज खडा गरे पनि अदमूत किसिमले यो सर्छ । आज विश्व भरि यो रोगको प्रकोप तीव्र गतिमा वृद्धि भएको छ । यस विषालुलाई रोक्न, उपचार गर्ने दिशामा विश्वका स्वास्थ्य वैज्ञानिकहरू अनुसन्धान क्षेत्रमा तल्लीन छन् ।

अधिकांश राष्ट्रहरू चिकित्सा क्षेत्रमा धेरै हिस्सा आर्थिक लगानी गरेका छन । एड्स सुन्दा सामान्य रहेकोछ । तर यो भयानक मृत्युजनक प्राण घातक रोग हो । जुन एड्सको विषाणु स्वास्थ्य मानिस भित्र प्रवेश गर्छ र रोग संग प्रतिरोध गर्ने प्रणालीलाई नै भाइरस भन्ने जीवाणुले छिन्न भिन्न गरिदिन्छ । एच. आइ. भी. मान्छेको शरीरमा रहन्छ । यस्ले भित्र भित्र मानव हृदयका नशा र तन्तुहरू माथि हानी गरिरहेको हुन्छ । यो तानव शरीरमा प्रवेश गरि सकेपछि तुरन्तै त्यसका लक्षणहरू पत्ता लाग्दैनन् । मानव शरीरमा यसले सुरक्षा-पूर्ण ढंगले घर बनाएको हुन्छ । ८।१० वर्ष पछि मात्र यसका प्रशस्त लक्षणहरू देखापर्न थाल्छन । अनुसन्धान बाट यो पत्ता लागेको छ कि हामो शरीरमा एच. आइ. भी प्रवेश गरेका ५०% प्रतिशत व्यक्ति १० वर्ष भित्र एड्सको शिकार हुन्छन् । एड्सको शिकार भए पछि जसको छोरा छोरी श्रीमती र गर्भको बच्चालाई समेत असर गर्छ । विश्वमा एड्सको संख्या बढेकोले यो गम्भीर महामारी रोग भएको छ । विश्व स्वास्थ्य संगठनको अनुमान यो छ कि आउने सन् २००० सम्म एच. आइ. भी. बाट संक्रमण मान्छेहरूको संख्या ३–४ करोड पुग्ने र एड्स पीडित रोगीको संख्या १.५ करोड पुग्ने छ । जसमध्ये ५०% प्रतिशत व्यक्ति अकालमा मर्नेछन ।

✡ एड्स रोगबाट संक्रमण भएका व्यक्तिहरू अप्रेल १९९१ सम्म विश्व स्वास्थ्य संगठनको १६२ राष्ट्र को परीक्षण तथ्याङ अनुरुप एड्स रोगी कुल संख्या ४.४५००० वयस्क रोगी दुई महिनाको बीचमा २५ हजार रोगी वृद्धि भएको प्रमाण त्यस संघले गरेको छ । एक जुलाई १९९१ मा त्यो संख्या बढेर ३७१४०३ पुग्न गएको छ ।

विश्व स्वास्थ्य संगठन विश्व एड्स कार्यक्रमका डा० यिन्ले बताउनु भयो कि दक्षिण एशियामा एड्सको संक्रमण संख्या ५ लाख देखि १० लाख छ । सन २००० सम्ममा भारतमा संक्रमण संख्या ५० लाख र एड्स रोगीको संख्या १० लाख पुग्नेछ ।

भारतमा एड्सको स्थिति

भारतमा १९८६ मा एच. आई. भी पत्ता लाग्यो । प्रथम एड्स रोगीको याहा १९८६ मा भयो । स्वास्थ्य अधिकारीको आकाडा अनुसार भारतमा ३१ अक्टुबर १९९१ सम्म एड्सको कुल संख्या ८८ पत्ता लागेको छ । जसमा ७५ पुरुष १३ स्त्री छन् । ८८ रोगी मध्ये ७५ भारतीय १३ विदेशी छन । ३१ अक्टुबर

१९९१ मा ११३६४८९ व्यक्तिलाई शरीरमा परीक्षण गर्दा ६१०६ व्यक्तिमा संक्रमण भएको पाइयो । एशियामा १९८८ सम्म एड्स रोगीको संख्या ५०० पुगेको थियो । भने संक्रमण भएकाको संख्या ५०,००० पुगेको थियो ।

नेपालमा एड्स रोगी

नेपालमा हाल सम्म ३४ जना एड्स रोग फेला परेको कुरा जानकारीमा आएको छ । ती रोगीहरू मध्ये ३ जनाको मृत्यु भएको छ । सर्वेक्षण अनुसार १९ पुरुष तथा १५ जना महिला छन् ।

नेपालमा पहिलोपल्ट सन १९८८ मा एड्स रोगी पत्ता लागेको थियो । नेपालमा भेटिएका एड्स रोगी मध्ये प्रायः जसो यौन संसर्गको कारणबाट शिकार भएको कुरा थाहा भएको छ ।

अन्य राष्ट्रहरूमा एड्सको सख्या

चीनमा १५ सय जनामा एड्स कीटाणु फेला परेको कुरा त्यहाको जन स्वास्थ्य मन्त्रीले बताउनु भएको छ । तान्जानियामा ३८ हजार केटाकेटीहरू एड्सबाट ग्रस्त भएकाछन् । एक लाख भन्दा बढि केटाकेटीलाई एड्स रोग लागेकोछ । थाइल्याण्डको एक अस्पतालमा ४० जना शिशुहरू मध्ये १३ जना उक्त रोगबाट मरेको थाहा भएको छ ।

एड्स अफ्रिकामा बढीछ

अफ्रिकाको विषयसूचीको तथ्याङ्क हेर्दा युगान्डामा डिसेम्बर १९९० को पहिलो तथ्याङ्कमा ११६१ बुरुन्डीमा ५७० अफ्रिकाको केन्द्रिय भागमा ६२१ कङ्गो १०४५ मालावी १२८४ रुवान्डा ६८०, तान्जानिया ७८८ जाइर ३९१ जाम्बिया ५८८ जिम्बाबे ७४१ छन् । त्यस्तै गरि नामिबिया १६६, एङगोला १२२ बोस्सवाना २०७, र दक्षिण अफ्रिकामा १७६ छ ।

एड्सबाट बच्ने उपाय

यो खतरापूर्ण भाइरस हो, यो मानिसको शरीर भित्र सर्छ । यो शरीरको कुनै पदार्थको माध्यम द्वारा अथवा वस्तुको सहयोग भएर शरीरमा प्रवेश गर्छ । रगतको लेसिलो कोषमा आक्रमण गरी आपनो वास-स्थान बनाउदा उत्पादन शुरु गर्छ । मानिसको रक्षा गर्ने शक्ति रगतको कोष,मासिन जान्छ नशाहरू माथि असर गर्छ । तसर्थ एड्स किटाणु दुषित पारेको सुइ सिरिन्ज रगत तथा रगतबाट बनेका पदार्थहरू प्रयोग गर्नाले एड्स सर्छ । तो सामान प्रयोग गर्नु अघि स्टरो-जलाईज गरेरमात्र प्रयोग गर्नु पर्छ ।

- लागु पदार्थको दुर्व्यसनबाट टाढा रहनु ।
- यात्रा गर्दा घुम्दा जो पाइ संग यौन सम्बन्ध नगर्ने । यदि कसै संग यौन सम्बन्ध गर्नु परेमा ढाल, कण्डोम लगाएर मात्र सम्बन्ध राख्ने ।
- अरूको दारी काट्ने सामान दात माझ्ने ब्रुस को प्रयोग नगर्ने ।
- एड्स रोग सम्बन्धी शिक्षा, नैतिक शिक्षा संभोग यौन शिक्षाको बारेमा उमेर पुगेका स्त्री पुरुषलाई सिकाउने ।
- धन्टी स्त्री संग यौन सम्बन्ध कायम नगर्ने ।
- चिने जानेको स्त्री पुरुष संग मात्र यौन सम्बन्ध राख्ने ।
- वेश्या वृत्ति पेशामा नलाग्ने । कोही त्यस्तो पेशामा लागेको रहेछ भने एड्सबारेमा जानकारी दिने ।
- होटेल सिनेमा हलमा रहँदा बस्दा घुम्दा यौन सम्पर्क नगर्ने ।
- लागु पदार्थ खाएर जथा भावी हिडडुल नपुर्ने

यौन उत्तेजना भएर नहिड्ने । Home Sex नगर्ने ।

- अश्लील पत्र पत्रिका पुस्तक फोटो नहेर्ने ।
- युवतीहरूले अर्ध नग्न फेसन नलगाउने ।
- विचारलाई सन्तुलनमा राख्ने ।

यदि एड्सको शंका लागेमा स्वास्थ्यकर्मी संग सल्लाह लिनुपर्छ ।

✱

जीवन–मरण

–अभिनव कार्की

केही आफ्ना इच्छाहरूलाई दबाएर
केही क्रेडिटहरू आगामी दिनहरूलाई समालेर
आम्दानी खर्चको जोड घटाउ गर्दा पनि
नाफा-नोक्सान थाहा नभए पछि
शरीररुपी बेश्यलाई साट्नु नै त जीवन रहेछ ।

हातको दश नंग्रा खियाएर
दुइ चोटी हात मुख जोर्न धौ धौ हुनु
समस्यै समस्याको भुमरीले भरीएको
यो पनि के जीवन हो ?

जीवन, कसैले पेंडिग फायलबाट पत्र झिकी दिए
जस्तो–छ
जीवन, विधुवा भएकी आइमाइको नयन जस्तो
खाली खाली छ
जीवन, बैंकको खातामा जस्तै
अधिविकर्ष (ओभरड्राफट) मात्र भएको छ ।
किसानको बालीमा खडेरी परेको जस्तो
न्यास्रोले भरीएको चेहरा झैं जीवन रहेछ
जीवनको परिभाषा खोज्दा खोज्दै
मौतारिदै विश्राम गर्नु नै मरण रहेछ ।

भिमसेनगोला–१०
काठमाडौं (नेपाल)

स्वाभिमानको हुंकार

–श्यामदास वैष्णव

मेरो आत्म-विश्वासलाई
अहंकारमा बदल्न बाध्य नतुल्याऊ !

मेरो 'अहंकार'–
महा अंधकार बनेर
फैलिन सक्छ !

–जहाँ तिमी शंकर-सूर्यको
ताण्डव देख्न सक्नेछौ !

सुन,
राम्ररी सुन–

म "अभिमन्यु" हुँन
"महाकाल" हुँ !

म तिम्रो जाल-झेलको चक्र-व्यूह
तोड्न सक्छु ।

र, सबै जातको फूलबारी
गोड्न सक्छु !

–जहाँ,
'वीर' सपूतको लक्ष
पूर्ण हुनेछ !

जनरुचिको नाममा
कुत्सित भाव जगाएर

पैसा कुम्ल्याउने
गोड्से-प्रवृत्तिलाई
म राम्ररी चिन्दछु ।
र, थुकेको 'थुक' चाट्नेलाई पनि
म राम्ररी जान्दछु !

सम्झ,
मेरो स्वाभिमान नै स्वतन्त्रता हो
आस्था नै राष्ट्रियता हो
र इमान नै ईश्वर हो ।

✱

तर्कको सट्टा लठ्ठी

–श्याम बिहारी गुप्त
अनु: कुन्दन कुमार पन्त

पूर्वी बङ्गालको एक जिल्लामा कुनैबेला अनिकाल परेको थियो । अनिकाल पीडितहरूका लागि स्वामी विवेकानन्द धन र वस्तुहरू एकत्र गर्दै थिए । त्यसै सिलसिलामा जब उनी ढाकामा पुगे उनीसँग केही वेदान्ती पण्डितहरू शास्त्रार्थ गर्न आए । स्वामीजी ले उनीहरूलाई बडो आदरपूर्वक राखे अनी अकालको चर्चा गर्दै भन्न लागे– "जब म अकालले मान्छेहरू मरेको कुरा सुन्छु, मेरो आँखाबाट आँसु बहन्छ । के गर्नु ! भगवानको इच्छा पनि कस्तो हुन्छ, कस्तो !"

यस्तो कुरा सुने पछि सबै पण्डितहरू चुप भए । अनि एकले अर्कोलाई आँखा सन्काउँदै मुसुमुसु हाँस्न लागे । उनीहरूको यस्तो विचित्र किसिमको प्रतिक्रिया देखेर स्वामीजी केही बेर मौन रहे र एकछिन सोधे– "तपाईहरू मेरो केरा सुनेर किन हँस्सि उडाउँदै हुनुहुन्छ ?" तैपनि सबैजना हाँसीनै रहे र तीमध्ये एकजना पण्डितले भन्न लागे– "स्वामीजी हामीले सम्झेका थियौं कि तपाई त वितराग-सन्यासी हुनुहुन्छ, जो सांसारिक सुख दुःख देखि माथि हुन्छ । तर, तपाई त त्यो नासवान शरीरको लागि आँसु बहाउँदै हुनुहुन्छ आत्मा उडेर गए-पछि जुन माटोमा मिल्छ ।"

स्वामीजी उनीहरूको तर्क सुनेर एक छिन अवाक भए । एक छिन पछि स्वामीजी आवेशमा आए र ठोटा लठ्ठी उठाए र पण्डितहरूको सामुन्ने गएर भने– "ल त त्यसो भए आज म तपाईहरूको परीक्षा गर्छु है ! यो लठ्ठीले तपाईहरूको आत्मालाई पिट्दैन, मार्दैन र कुनै असर पनि गर्दैन । केवल तपाईहरूको नासवान शरीरलाई मार्छ–पिट्छ । यदि तपाईहरू वास्तविक पण्डित हुनुहुन्छ भने, आफू बसेको ठाउँबाट नउठ्नु र नचिच्याउनु होला । के यति कुरामात्र भएथ्यो पण्डितहरू त्यहाँबाट कुलेलम ठोके. उनीहरू यसरी भागेकि घरमा पुगेर मात्र लामो सास फेरे, अनी लठ्ठीको भय र त्रासले गर्दा सम्पूर्ण शास्त्र ज्ञान नै भुले ।

On the Auspicious Occasion Of the
Birthday of
His Majesty the King
We Offer our Warm Felicitation and Pray for
His Majesty's Long and Happy Life.

POKHARA TOURS & TRAVELS

GSA FOR CHINA AIRLINES & LAUDA AIR
NEW ROAD KATHMANDU NEPAL

CHINA AIRLINES 227219
LAUDAAIR 227315

PHO NO 224613, 224392
TELEX 2285 NP, P. BOX 827

शालीक

–मुरारि पराजुली

शालीकहरू निर्जिव हुन्छन्
र निर्जिव हुँदाहुँदै पनि
शालीकहरूले ज्यूँदा माथि शासन गर्छन्
जब-जब शालीकहरू
चोक-चोक र टोलहरूमा
क्रुर र निर्मम देखिन्छन्
तब-तब ज्यूँदाहरू फेरि
शालीक हल्लाउन उठ्छन्
सके भने ज्यूँदाहरूले
तो निर्दयी शालीकहरू उखेलेर
नयाँ–नयाँ आकृतिका
नयाँ-नयाँ परिधानका
शालीकहरू ठड्याउने गर्छन्
तर समय बढो हुँदै जाँदा
तो नयाँ–नयाँ शालीकहरू पनि
उस्तै क्रुर र निर्मम बन्न थाल्छन् भने
विवश ज्यूँदाहरू फेरि
शालीकमा कालो पोत्छन्
जुत्ताहरूले सिंगारिदिन्छन्
र भएन यति गर्दा पनि भने
उनीहरू शालीक हल्लाउँछन्
जब टसमस पनि नगरी
एकोहोरो ठडिन खोज्छ भने शालीकले
मान्छेहरू उँडेलेर फ्याँकिदिन्छन्
अहिले भर्खर–भर्खरै
काठमाण्डौ, भादगाउँ र पाटनमा
जनकपुर, कीर्तिपुर र बुटवलमा
मान्छेहरूले शालीक हल्लाएका छन्
र नयाँ-नयाँ शालीकहरू ठड्याउन
ज्यूँदाहरू लागिरहेका छन्
यसपाली पनि सबैले
याम-बेयाम यी शालीकहरू
हल्लाउन नपरोस् भनेका छन्
समय-बेसमय यी शालीकहरू
उखेल्नु नपरोस् भनेका छन्
तर
अत्यन्तै नवीन यी शालीकहरू
जब-जब निर्मम र क्रुर बनेर
शासन गर्न रुचाउने छन्
बस् नियति त्यही हो
कि तब-तब ज्युँदाहरू फेरि
शालीक हल्लाउन जाग्ने छन्
शालीक उखेल्न जुर्माराउँनेछन् ।

मणिग्राम-रुपन्देही

दायित्व बोल्छ !

विशेष जानकारी

प्रिय साहित्य स्रष्टाहरू !

दायित्वमा प्रकाशनार्थ एक वर्ष भित्रमा प्राप्त हुन आएका र प्रकाशन भएका लेख रचनाहरूको मूल्यांकन गर्न काव्यकार–१ भाष्यकार–१ समालोचक १ र दायित्व परिवारका प्रतिनिधि–१ भएको चार सदस्यीय समिति गठन गरीनेछ र उक्त समितिले उत्कृष्ट ठहऱ्याएका कविता क्षेत्र र अन्यक्षेत्रका कुनै ३/३ प्रतिभालाई नगद पुरस्कार तथा प्रमाण पत्रले संमानित गरिनेछ ।

दायित्व साहित्य महोत्सवको शुभ अवसरमा प्रत्येक नववर्षको आगमनमा प्रदान गरिने उक्त पुरस्कारमा सहभागी बन्न प्रिय साहित्यिक वृन्दमा सहर्ष जानकारी गराउंदछौं ।

धन्यवाद

दायित्व तपाई हामी सबैको पत्रिका हो; यसलाई फलाउनु फुलाउनु र निरन्तरता प्रदान गरी जीवन्त बनाउनु हामी सबैको दायित्व हो । यसै कुरालाई मनन गरेर हामीलाई विभिन्न क्षेत्रबाट सहयोग गर्ने सम्पूर्ण सहयोगी मित्रहरू प्रति हामी हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

अनुरोध

हामीलाई अधिकांश कविताहरू प्राप्त हुने गरेकोले प्राप्त भएका धेरै कविताहरू प्रकाशित गर्न सकिएको छैन । अतः यहांहरूले कविताको अतिरिक्त लघुकथा छोटा तर सारपूर्ण कविता, नाटक निबन्ध यात्रा तथा समालोचनाहरू पठाउनु भएमा पत्रिकामा विविध सामग्रीहरू समावेश गरी अधिकांश पाठक वर्गहरूको मन जित्न सफल हुने थियौं ।

श्री ५ महाराजाधिराज

सरकारको दीर्घायु होस ।

नेपाल बैंक लिमिटेड

(स्थापित १९८४)

तपाईमा कुनै व्यवसाय गर्ने इच्छा छ, सीप छ, जांगर छ तर पूंजी छैन भने ...

* विभिन्न कृषि सामग्री
* सिंचाईका विभिन्न कार्य
* गोबर ग्यास प्लाण्ट
* मिल स्थापना र सञ्चालन
* माछा पालन व्यवसाय
* तरकारी खेती
* फलफूल खेती
* भेडा, मोरी, चौरीपालन
* बाटर, टर्बाइन परियोजना
* गोदामघर, कोल्ड स्टोरेज आदि निर्माणका लागि
* साझा सहकारी संस्था
* साना किसानहरूलाई विभिन्न कार्य
* विभिन्न किसिमका घरेलु उद्योग
* बाख्रा, बंगुर, भैंसी, कुखुरापालन
* मल, बीउ, किरा मार्ने औषधि
* ट्याक्टर, पम्पसेट र अन्य औजार
* चिया, अलैंची, अदुवा खेती
* उखु, सूर्ति, जूट खेती
* धान, गहुं, मकै खेती
* मोहीलाई जग्गा खरीद गर्न

यी मध्ये कुनै व्यवसाय रोज्नुहोस् ऋण दिन हामी तत्पर छौं ।

कृषि विकास बैंक मुख्य कार्यालय,काठमाडौं ।

कविता

मेरो परिवेश

–नरेन वियोगी

जिन्दगीको अवशेष टुक्रा टुक्रा हुंदै
चौबाटो, सडक पेटी, गल्ली गल्लीमा
वेवारिस लाश झैं अचानक
देखा परि टोपल्छ
अनि सताउछ !
पोल्छ, चहयाउदछ,
जिस्क्याउछ पनि !
अनि, फेरि लामो खत पलाउछ
कल्पनाको तुवालो भित्र हराउदै
भावनाको सागर बीच डोरिदा
कहीं कतै पाइला चिप्लेर
कठोर, भयानक,
अत्याश लाग्दो,
अनौठो परिवेश भित्र,
जाकिन बाध्य भइरहे छ
सास फेर्न गाह्रो भइरहे छ
तै पनि,
यहाँको यो अपरिमित सांसारिक
वेदना र सुखका अनुभवहरू
संगाल्नै पर्दछ,
त्यसैले होला
यो जीवन, शून्यताको भुमरीमा
त्यसै-त्यसै हराएर बाचेको छ

हलेसी चितुङ

❀

गीत

भनुँ म कसरी ?

– मुकुन्द "पथिक"

दुःखको काँडो बिझेछ भित्र झिकुँ म कसरी ?
बल्किन्छ धेरै भित्रको घाउ बाचुँ म कसरी ?
जता म जाउँ ठेस मात्र लाग्छ हिडुँ म कसरी ?
दाँतमा ढुङ्गा लाग्दछ सधैं खाउँ म कसरी ?
काँडाको ओछ्यान देख्दछु सधैं सुतुँ म कसरी ?
डँढेलो भित्र बसेर सधैं बाचुँ म कसरी ?
जिन्दगी पनि उराठ लाग्छ सह्रालुँ कसरी ?
आफू भित्र नैं हराउँछु कैले खोजुँ म कसरी ?
संसार पनि देख्दछु रित्तो बसुँ म कसरी ?
बिछोड्को व्यथा उर्लन्छ धेरै भनुँ म कसरी ?
दुःखको काँडो बिझेछ भित्र झिकुँ म कसरी ?
बल्किन्छ धेरै भित्रको घाउ बाचुँ म कसरी ?

त्रि. वि. वि. कीर्तिपुर

—०—

गीत

.....बदनाम भएको छु

– राजेश्वर रेग्मी

छाँया हुन सकिएन, घृणाको घाम भएको छु
फगत यो शहरमा आज बदनाम भएको छु
मनका बहहरू सबै सुनाउनु हुदैनथ्यो
इच्छालाई यसरी मन मै थुनाउनु हुदैनथ्यो
सागर भयो शोकाश्रुको, पीडाको डाम भएको छु
फगत यो शहरमा आज बदनाम भएको छु
रूँदा-रूँदा सकिए आँसु ओठ हाँस्न जान्दैन
नराखुँ भन्छु पीर, मनले खुशी साँच्न मान्दैन
श्याम भएँ मीराको, सीताको राम भएको छु
फगत यो शहरमा आज बदनाम भएको छु